# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

सामान्यतया जन्म पश्चातका केही वर्षको उमेर समूह केटाकेटी अवस्था हो भन्ने बुझिन्छ । यो अवस्थामा नानीहरू अपरिपक्व र कलिला हुन्छन् जसले गर्दा उनीहरूलाई हेरचाह र संरक्षणको पूर्ण आवश्यकता पर्छ । यस अवस्थामा मस्तिष्कको पूर्ण विकास भै नसकेको हुनाले यिनीहरूको क्रियाकलापलाई वालापन वा केटाकेटीपन भनिन्छ । बालकको जन्मसँगै उसले नयाँ वातावरण प्राप्त गर्दछ जसले गर्दा उ त्यो नयाँ वातावरणमा समायोजन हुन संघर्षरत रहन्छ । वालक जन्मदै केही पनि सिकेर आएको हुदैन तर विस्तारै वातावरणमा घुलमिल हुदै केही सिक्दै जान्छ र यो क्रम हरेक वालबालिकामा निरन्तर चलि रहने प्रक्रिया हो ।

मानव विकासको क्रमलाई हेर्दा मानिसका दुईवटा अवस्था पाइन्छन् । एउटा जन्म पूर्वको अवस्था हो भने अर्को जन्म पश्चातको अवस्था । जन्म पूर्वको अवस्थालाई डिम्वासय, भ्रूण र फेट्स गरी तीन चरणमा विभाजन गरिएको छ भने जन्म पश्चात्को अवस्थालाई नवजात शिशु अवस्था, शैशवावस्था, पूर्ववाल्यवस्था, उत्तरवाल्यवस्था, यौवनावस्था, किशोरावस्था, वयस्कावस्था, माध्यावस्था र वृद्धावस्था गरी ९ चरण पार गर्नुपर्ने तथ्य मनोवैज्ञानिकहरूले अघि सारेका छन् (रेग्मी र साथीहरू,२०६३) ।

अनौपचारिक रूपमा सिक्ने क्रममा मानिसले आफ्नो घरपरिवारमा छोराले बाबुबाट, छोरीले आमाबाट साथै दाजुभाइ, दिदीबहिनी, इष्टमित्र, साथीसंगी, तथा छिमेकीबाट सिक्दै जाने गर्दछ, यसरी सिक्ने वा ज्ञान प्राप्त गर्ने भन्नु नै शिक्षा हो । विगतमा शिक्षा लिने क्रममा सीमित थियो भने विस्तारै शिक्षा सामूहिक रूपमा मठ,मन्दिर तथा धार्मिक संस्थाहरूमा दिने प्रचलनको सुरुवात भयो । समयको गतिसँगै शिक्षालाई पनि विकसित गरिदै लगियो । जसले गर्दा आज हरेक देशमा देशको काल, परिस्थिति, भूगोल, जनसंख्या उमेर सुहाउँदा औपचारिक शिक्षा सुनिश्चित गरिएको पाइन्छ । घरबाट सुरु भएको शिक्षा आज औपचारिक रूपमा विद्यालय, कलेज हुदै विश्वविद्यालयसम्म विस्तार भएको छ । यसले पनि सबै मानिसको शिक्षा प्राप्त गर्ने अधिकार पूरा हुन नसकेकोले अनौपचारिक शिक्षालाई पनि केही वर्ष यता विशेष जोड दिएको छ । खुला विश्वविद्यालयको अवधारणा पनि विकसित हुदै गएको छ । त्यस्तै गरी सबैका लागि शिक्षा कार्यक्रमलाई प्रभावकारी बनाउन

विद्यालय स्तरमा पूर्व प्राथमिक विद्यालयको स्थापनाका साथै प्रारम्भिक वाल विकास कार्यक्रमहरू लागू गरी वालवालिकाहरूलाई विद्यालयीय वातावरणमा घुलमिल गराउन तथा सबै वालबालिकाहरूलाई विद्यालयको पहुँच पुऱ्याउन विद्यालयमा पूर्व प्राथमिक कक्षा सञ्चालन गरिदै आएको छ । अझ भन्ने हो भने बालबालिकाहरूका लागि विद्यालयमा आधारित र समुदायमा आधारित विभिन्न बाल विकास केन्द्रहरूको स्थापना भएका छन् ।

३ देखि ५ वर्ष सम्मका वालबालिकाहरूलाई प्रदान गरिने ज्ञान र सीप नै पूर्व प्राथमिक शिक्षा हो । यसलाई हाल विभिन्न नामले चिनिन्छ । जस्तै, नर्सरी, शिशु, के.जी, वाल शिक्षा आदि । प्रारम्भिक वाल्यवस्थालाई मानवीय क्षमता विकासको एक महत्वपूर्ण चरण मानिन्छ । यस अवस्थामा वालबालिकालाई उचित स्याहार सुसार र शिक्षाको आवश्यकता पर्दछ । प्रारम्भिक वाल्यवस्था विकास अन्तर्गत घर र समुदायमा वालबालिको हेरचाह,सामाजिकिरण र शिक्षालाई अगाडि बढाउने खालका सेवाहरू समावेश भएका हुन्छन् । जसले वालकको सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याउँछ (शिक्षा विभाग,२०६१) ।

प्रारम्भिक वाल्यवस्था शिक्षा नै वाल शिक्षा, नर्सरी शिक्षा, किंडर गार्डेन शिक्षा, भएको हुँदा यो शिक्षा वालवालिकाहरूका लागि उपयोगी बनेको छ । मानव विकासका विभिन्न चरणहरूमा शैशवास्था पार गरिसकेपछि वालबालिकाहरू प्रारम्भिक वाल्यवस्थामा प्रवेश गर्दछन् । प्रारम्भिक वाल्यवस्थाको विकास भन्नाले ३ देखि ६ वर्ष सम्मको वालबालिकाको उमेर हो । यस उमेरमा वालबालिकाहरू ज्यादै चकचके र जिज्ञासु स्वभावका हुन्छन् । प्रारम्भिक वाल्यवस्थाको समयावधिमा वालकालिकाहरूले आफ्नै विशिष्ट निजी धारणाको विकास गरिसकेका हुन्छन् । यस उमेरका वालकालिकाहरू विशेष गरी खेलौनासँग रमाउने, अरुको नक्कल गर्ने, साथी बनाउने, खेल खेल्न र विद्यालय समेत जाने भएकोले यस अवस्थालाई पूर्व समूह उमेर र पूर्व विद्यालय उमेर भनेर पनि चिनिन्छ । मनोवैज्ञानिकहरूले पूर्व वाल समूह उमेर, जिज्ञासु उमेर तथा अनुकरणात्मक उमेर नामाकरण गरेको पाइन्छ । त्यसैले यस अवस्थामा वालवालिकाहरूलाई अभिभावक, शिक्षक, स.का.स्वंयसेवक सबैले आवश्यक सहयोग गरी शारीरिक, मानसिक, सामाजिक र संवेगाात्मक क्षमताको विकास गराउनु प्रारम्भिक वाल विकासको प्रमुख उद्देश्य हो (शर्मा र शर्मा,२०६५) ।

प्रारम्भिक वाल शिक्षालाई विकास गर्ने क्रममा शिक्षाविद् तथा दार्शनिकहरूले रुसो, फ्रेडरिक फ्रोवेल तथा मारिया मन्टेश्वरीको योगदानलाई महत्वपूर्ण मानिन्छ । वालवालिकाको

विकासका लागि रूसो र फ्रोवेलले कुनै पूर्व निश्चित पाठ्यक्रम तयार गरेका छैनन् । रूसोले मानिस प्रकृतिको उपज भएकोले उसलाई प्रकृतिमै रमाउन दिनुपर्छ र त्यहीबाट उसको शिक्षा प्राप्त गर्दछ भनेका छन् । उनले ५ वर्ष उमेरका शिशुलाई किताबी ज्ञानले उनीहरूको स्वच्छ विचारलाई दुषित गर्दछ भनेका छन् भने यस्ता वालबालिकाहरूलाई सिकाउन शिक्षकले शिशुलाई माया गर्ने, स्वतन्त्रता पूर्वक सिक्ने कार्यमा सहयोग गर्ने प्राकृतिक वातावरणमा शिक्षा दिने, ज्ञानेन्द्रियहरूको स्वभाविक विकास गराउने भन्ने विचार पाइन्छ । त्यस्तै वालकालिकालाई कुट्ने, पिट्ने, गाली गर्ने सजायदिने जस्ता अमानविय व्यवहार नगरी अवलोकन तथा क्रियाकलापका माध्यमबाट सिक्न लगाउने कुरालाई जोड दिएको पाइन्छ । फ्रोवेलको विचारमा साना नानीहरूलाई किताबी ज्ञान दिन नहुने भन्ने मान्यता अनुसार पाठ्यक्रममा क्रियाकलाप र खेललाई नै प्रमुख स्थान दिएको पाइन्छ । उनले शिक्षक र विद्यार्थीलाई माली र विरुवाको रूपमा चित्रण गरेका छन् । उनका अनुसार वालबालिकामा अर्न्तनिहित मानविय गुणहरूको स्वच्छन्दपूर्वक विकास गर्नु नै शिक्षाको मुख्य उद्देश्यभएको पाइन्छ । त्यस्तै मारिया मन्टेश्वरीको शिक्षा प्रणालीमा पनि पाठ्यक्रम ज्ञान प्रदान नभै ज्ञानेन्द्रियहरूलाई फुर्तिलो बनाउने खालको कार्यप्रधान भएको पाइन्छ । उनको शिक्षा प्रणलीको मुख्य उद्देश्य स्वतन्त्र वातावरणमा बालबालिकाहरूको व्यक्तिवादी भावनाको विकास गर्नु रहेको छ (शर्मा र शर्मा, २०६४) ।

नेपालमा गठित विभिन्न समिति, आयोग तथा योजनाहरूले पनि पूर्व प्राथामिक शिक्षालाई परिभाषित गर्दै सञ्चालनको लागि सुझाव प्रस्तुत गर्दै आएका छन् । सर्वागीण राष्ट्रिय शिक्षा समिति २०१८ ले ३ वर्ष नाघेका बालबालिकाहरूलाई प्रत्येक टोल र गाउँमा १/१ वटा मनोरञ्जन र खेलकुदको व्यवस्था भएको बाल उद्यान स्थापना गरी पूर्व प्राथमिक विद्यालयको व्यवस्था गर्नुपर्ने सुझाव पेश गरेको थियो भने पूर्व प्राथमिक शिक्षाको औपचारिक परिभाषाको सन्दर्भमा शिक्षा ऐन २०२८ ले ३ वर्ष उमेर पुगेका तर ५ वर्ष उमेर पूरा नगरेका बालबालिकाहरूलाई दिइने शिक्षालाई पूर्व प्राथमिक शिक्षाको रूपमा परिभाषित गरेको छ । यसैगरी शिक्षा आयोग २०४९ ले चार वर्ष पूगेका बालबालिकाहरूको चौतर्फी विकासलाई ध्यानमा राखी १ वर्षको पूर्व प्राथमिक शिक्षाको व्यवस्था गर्नु पर्ने कुरामा जोड दिएको छ । उच्च स्तरीय कार्य समिति २०५८ को प्रतिवेदनले शिशु विकास कार्यक्रम २ वर्षको हुनुपर्ने, त्यस्तो कार्यक्रमको सञ्चालन, रेखदेख र व्यवस्थापनको दायित्व गा.वि.स. वा

नगरपालिकाको हुनुपर्ने र त्यसका लागि सरकारले एकमुष्ट अनुदान दिनुपर्ने कुरा उल्लेख गरिएको छ (शिक्षा विभाग,२०६१) ।

सन् १९९० मा थाइल्याण्डको जोम्टिनमा 'सबैका लागि शिक्षा' विषमा भएको विश्व सम्मेलन र वालवालिकाहरूको लागि संयुक्त राष्ट्र संघमा भएको विश्वसम्मेलन १९९० ले प्रारम्भिक वाल्यावस्था विकासका गतिविधिहरू विस्तार गर्नुपर्ने कुरामा जोड दिएपछि नेपालमा केही मात्रामा भएपनि पूर्व प्राथमिक शिक्षा सम्वन्धी गतिविधिहरू विस्तार हुन थालेको छ (सेरिड २०४९) ।

सन् २००० मा डकार सम्मेलनबाट स्वीकृत कार्यक्रमअनुसार सबैका लागि शिक्षाका लक्ष्य प्राप्त गर्न नेपाल सरकार प्रतिवद्ध छ । यो लक्ष्य प्राप्तिका लागि आगामी ५ वर्षका निम्ति शैक्षिक विकासलाई मार्ग दर्शन गर्न श्री ५ को सरकारले सबैका लागि शिक्षा राष्ट्रिय कार्य योजना सन् २००१-२०१५ र सबैका लागि शिक्षा २००४-२००९ कार्यक्रम मार्फत सघन प्रारम्भिक वाल स्यहार तथा शिक्षाको विस्तार र सुधारमा जोड दिएको छ (शिक्षा विभाग, २०६१) ।

दीर्घकालिन योजना अन्तर्गत दशौ योजना (२०५९-२०६४) ले बढि भन्दा बढी अभिभावकहरूलाई सक्रिय बनाई प्रत्येक सामुदायिक विद्यालयहरूमा स्थानीय श्रोतबाट १ वर्षे पूर्व प्राथमिक शिक्षा सञ्चालन गर्ने लक्ष्य लिएको देखिन्छ । यसले गर्दा यस अवधिमा कक्षा १ मा भर्ना हुने विद्यार्थीहरू पूर्व प्राथमिक वा वाल शिक्षाबाट आउने लक्ष्य राखेको पाइन्छ (शिक्षा मन्त्रालय, २०५९) ।

प्रारम्भिक उमेर समूहका विभिन्न पछाडि परेका जनजाति, महिला, मधेसी, लोपोन्मुख जाति एवं दलित जातिलाई विद्यालयको पहुँच पुऱ्याउँन विद्यालय र समुदायमा आधारित गरी जम्मा १३००० वालविकास केन्द्र स्थापना गर्न लक्ष्य लिएको देखिन्छ (अर्थमन्त्रालय, २०६४) ।

शिक्षामा सबैको पहुँच पुऱ्याउन यसरी विभिन्न प्रयास भएका पाइन्छ । जनगाणना २०६९ अनुसार नेपालको जनसङ्ख्या २ करोड ६४ लाख ९४ हजार ५०४ रहेको छ । जसमा साक्षरता दर सरदर ६५.९% रहेको छ यो २०५८ को जनगणनाभन्दा ११.८% ले वढी रहेको छ । यस जनगणाअनुसार पुरुषको तुलनामा महिलाको साक्षरता दरमा उल्लेख्य बृद्धि भएको छ । २०५८ को जनगणना अनुसार महिला साक्षरता दर ४२.८ थियो भने २०६८ मा

यो दर ५७.४ पुगेको छ । यसरी हेर्दा साक्षरता दर बार्षिक रूपमा १% भन्दा बढिका दरले बृद्धि भएको पाइन्छ (केन्द्रिय तथ्याङ्क विभाग, २०६९) ।

यसरी देशले वाल शिक्षाको माध्यमबाट गुणस्तरीय शिक्षा तथा शिक्षामा सबैको पहुँच पु¥याउने लक्ष्य लिएको पाइन्छ । बाल शिक्षाको प्रभावकारिता अहिलको टड्कारो आवश्यकता रहेको छ । हामीले यसका लागि बाल शिक्षाको सञ्चलन, व्यवस्थापन, गुणस्तरियता, माथिल्लो कक्षासँग यसको सम्बन्ध, यसका समस्या तथा समस्या समाधान प्रयासका सम्बन्धमा, खोज गरी यसको वास्तविकता बारे जनमानसमा ल्याई यसको स्तरीयता बृद्धिमा लाग्नु पर्ने देखिन्छ ।

## १.२ समस्याको कथन

नेपालमा प्रजातन्त्रको प्राप्तिसँगै शिक्षा क्षेत्रमा पनि सुधार हुदै आएको पाइन्छ । देशमा विभिन्न तहका शैक्षिक केन्द्रहरूको स्थापना हुनु यसका उदाहरणहरू हुन् । यसरी शिक्षाको विकासका लागि राज्य स्तरबाट भएका प्रयासले पनि अपेक्षित लक्ष्य हासिल गर्न सकेन । जस अनुरूप वीचैमा कक्ष छाड्ने, कक्षा दाहो¥याउने, उत्तीर्णदर, सि.उ.दरमा वृद्धि हुन सकेन । जसलाई निराकरण गर्नका लागि बालबालिकाहरूलाई शिक्षा दिन पूर्व प्राथमिक तहको शिक्षा अथवा बाल शिक्षा दिने हेतुले देशभरि सरकारी र गैह्र सरकारी तवरबाट विद्यालयमा आधारित र समुदायमा आधारित थुप्रै वा. वि. के हरूको स्थापना भएका छन् । यी केन्द्रहरूमा वालवालिकाहरूको सर्वाङ्गीण विकास गरी प्राथमिक तहमा विद्यार्थीहरू अनुत्तीर्ण हुने, कक्षा छाड्ने, दाहो¥याउने, अनुपस्थित हुने, विद्यालयको वातावरणमा समायोजन गर्न कठिनाइ समस्याको निराकरण गर्न सहजता प्रदान गर्ने लक्ष्य हो । तर वा.वि.के.को भौतिक पक्ष र व्यवस्थापन पक्ष, खानेपानी, शौचालय, सामाजिक पक्ष, खेल मैदान आदि समस्याको रूपमा रहेको छ । त्यसैगरी शैक्षिक सामग्री, मनोरञ्जन सामग्री पा.पु., स.का.को भूमिका, अनुगमन र निरीक्षण, अभिभावकको न्यून संलग्नता जस्ता पक्ष पनि समस्याको रूपमा रहेकोछ ।

बाल विकास कार्यक्रमको उद्देश्य के कति पूरा भएका छन् । कार्यक्रम सञ्चालन भएको ठाउँमा प्रभावकारी ढङ्गले सञ्चालन भए नभएको, बालबालिकाको व्यवहार विकास र सिकाइमा अपेक्षित सुधार ल्याएको छ, छैन आदि सवालहरूको पक्षमा अध्ययन हुनु आवश्यक हुन्छ । अतः यी सवालहरूको अध्ययन नहुने हो भने कार्यक्रममा गरिएको खर्चको

औचित्य समाप्त हुन्छ । त्यसकारण वा.वि.के सञ्चालन र यसले कक्षा १ मा पारेको प्रभावको अध्ययन हुनु आवश्यक ठानिएको छ ।

## १.३ अध्ययनको औचित्य

देशले शैक्षिक अवस्थालाई मजबुत बनाउन विभिन्न शिक्षा नीतिहरू अङगीकार गरेको हुन्छ । शिक्षा विकासको पूर्वाधार र दिगो विकासको आधार भएकोले हाम्रो देशमा विभिन्न किसिमबाट शिक्षा दिने गरेको पाइन्छ । औपचारिक र अनौपचारिक रूपबाट हाम्रो देशमा नागरिकहरूलाई शिक्षा प्रदान गरीदै आएको छ । नेपालमा सबैका लागि शिक्षा कार्यक्रमलाई मूर्तरूप दिन तथा गुणस्तरीय शिक्षालाई बढावा दिने क्रममा बाल शिक्षलाई जोड दिएको पाइन्छ । जसले वालबालिकाको सर्वाङ्गीण विकासमा अहम भूमिका निर्वाह गर्दछ । त्यसकारण हाल नेपालमा सरकारी तथा निजी क्षेत्रबाट वाल्यावस्था शिक्षाका लागि विभिन्न वा.वि.के.हरूको स्थापना भएका छन् । यसरी विभिन्न निकायबाट बाल विकास केन्द्रको स्थापना भएता पनि पर्याप्त मात्रमा सामुदायिक सहभागिता जुटाउन नसकेको, समुदायको आवश्यकतासँग सहकार्य गर्न नसकेको, कार्यक्रमको वास्तविकता स्पष्ट हुन नसकेको, कार्याक्रमले अपेक्षित प्रतिफल दिई समाजमा भिन्न छाप छोड्न नसकेको गुनासाहरू जनमानसमा रहेको पाइन्छ ।

यस अध्ययनबाट वाल विकास कार्यक्रम कार्यान्वयनको शैक्षिक तथा व्यवस्थापन अवस्था कस्तो छ ? वालवालिकाहरूका लागि अनुकूल वातावरणको अवस्था कस्तो छ ? वालविकास कार्यक्रममा लगानी (सरकारी र गैह्र सरकारी पक्षबाट) बढाउदै लगेको परिवेशमा यस कार्यक्रमले लक्षित समूहलाई के कस्तो प्रभाव पारेको छ ? यस कार्यक्रममा स्थानीय अभिभावकहरूको के कस्तो संलग्नता रहेको छ ? सहयोगी कार्यकर्ताको क्षमता योग्यता तथा कमजोरीहरू के कस्ता छन् ? वा.वि.के.हरू उद्देश्य अनुरूप सञ्चालन भए नभएको लेखाजोखा गरी यसको व्यवस्थापन पक्ष तथा स्रोत व्यवस्थापन आदि विषयको खोजिगरिने भएकोले यस अध्ययनबाट निस्केको निष्कर्षले शिक्षाको नीति निर्माणकर्ता, शैक्षिक योजनाकार, शिक्षा प्रशासक, पाठ्यक्रम निर्माता, शिक्षक, अभिभावक तथा सरोकारवाला निकायलाई आवश्यक पृष्ठपोषण दिनेछ भन्ने विश्वास गरिएको छ ।

## १.४ अध्ययनका उद्देश्यहरू

क) वालशिक्षा लिएका वालवालिकाको सिकाइ उपलब्धिको लेखाजोखा गर्नु ।

ख) वालशिक्षा नलिइ आएका वालबालिकाको सिकाइ उपलब्धिको पहिचान गर्नु ।

ग) वालशिक्षा लिएर आएका र नलिई आएका वालबालिकाको सिकाइ उपलब्धिको तुलना गर्नु ।

घ) वालशिक्षा लिएका र नलिएका वालबालिकाहरूको सिकाइमा देखिएका समस्या र समाधानका उपयाहरूको खोजी गर्नु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

क) वालशिक्षा लिएका वालकालिकाको सिकाइ उपलब्धिको अवस्था कस्तो रहेको छ?

ख) वालशिक्षा नलिइ आएका वालबालिकाहरूको सिकाइ उपलब्धिको अवस्था कस्तो रहेको छ ?

ग) बालशिक्षा लिएका र नलिएका वालबालिकाहरूको सिकाइ उपलब्धिको तुलनात्मक अवस्था कस्तो छ ?

घ) वालशिक्षा लिएका र नलिएका वालबालिकाहरूको सिकाइमा के कस्ता समस्या देखिएका छन् ?

ङ) वाल शिक्षा लिएका र नलिएका वालबालिकाहरूको सिकाइमा देखिएका समस्याहरूको समाधानका उपायहरू के हुन सक्छन् ?

## १.६ अध्ययनको परिसीमा

यो अध्ययन मोरङ जिल्ला बाहुनी स्रोतकेन्द्र अन्तर्गत रहेका ४ वटा गा.वि.स.का सामुदायिक विद्यालयमा सञ्चालित वा.वि.के. का सामुदायिक विद्यालयमा सञ्चालित वा.वि.के. र सोही विद्यालयमा सञ्चालित कक्षा १ मा सिमित रहने छ। वाहुनी स्रोतकेन्द्र अन्तर्गतका ४ वटा गा.वि.स. मध्ये प्रत्येक गा.वि.स.बाट १/१ वटा विद्यालयमा यो अध्ययनलाई सीमित गरिएको छ। उक्त ४ वटा विद्यालयका वाल शिक्षा लिएका र नलिएका वालवालिकाहरूको १ कक्षामा २०६८ साल को सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन गरिएको छ।

## १.७ मूख्य शब्दहरूको परिभाषा

| | |
|---|---|
| प्रारम्भिक वाल्यवस्था | वालवालिकाहरूको सामान्य तया २-६ वर्षसम्मको अवस्थालाई वाल्यावस्था भनिन्छ । |
| वालविकास केन्द्र | ३-५ वर्षसम्मका वालवालिकाहरू अध्ययन गर्ने केन्द्रलाई वाल विकास केन्द्र भनिन्छ । |
| सिकाइ | वालवालिकाको समाजिक, शारीरिक, मानसिक र सिर्जनात्मक विकासलाई सिकाइ मानिएको छ । |
| सिकाइ उपलब्धि | वालवालिकाले प्राप्त गरेको विषयगत प्राप्ताकलाई मानिएको छ । |
| अध्यक्ष | विद्यार्थीका अभिभावक मध्येवाट छानी गएका व्यक्तिलाई मानिएको छ । |
| सहयोगी कार्यकर्ता | वाल विकास केन्द्रमा रहेका वालवालिकाहरूलाई रेखदेख, हेरचाह तथा सिकाउने पढाउने शिक्षकलाई मानिएको छ । |
| प्रारम्भिक वाल्यवस्था शिक्षा प्राप्त गरेका बालवालबालिका | कक्षा १ मा भर्ना हुनु अघि वाल विकास कार्यक्रमको अवसर पाएका वालबालिकाहरूलाई मानिएको छ । |

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावालोकन र सैद्धान्तिक खाका

सम्बन्धित वा पूर्व साहित्यको समीक्षाले अनुसन्धान कर्ताले अध्ययन गर्न खोजेको र हालसम्म अनुसन्धान कार्यमा कुनै प्रयास नभएको कुराको अध्ययन गर्नको लागि ज्ञान दिनुका साथै अनुसन्धान कार्यमा निरन्तरता प्रदान गरी विगतमा भएको अनुसन्धानको दोहोरोपन हटाउन मद्दत गर्दछ । अनुसन्धान कार्यका लागि पूर्व स्थापित सिद्धान्तहरूको ज्ञान हुनु जरुरी छ । जसका कारण अध्ययन अनुसन्धान गर्न खोजिएको विषयवस्तुको विकासक्रमको र यस पक्षमा गर्दै आएका अध्ययन अनुसन्धानको ज्ञान हुन जान्छ । शोध शीर्षक प्रारम्भिक वाल्यवस्था शिक्षा पाएका र नपाएका विद्यार्थीहरूको सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन मारिया मन्टेश्वरी तथा फ्रेडरिक फ्रोवेलको सिद्धान्तमा आधारित भएर अनुसन्धान गरिएको छ ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

मल्ल (२०५४) अनुसार प्रारम्भिक वाल्यावश्था भनेको विकासको अवस्था हो । यो अवस्था वालवालिकामा विकासको महत्व र आवश्यकता किन पर्दछ, कस्तो खालको शिक्षा र स्याहार उपयुक्त हुन्छ भन्ने कुरालाई प्रष्ट पार्दै प्रारम्भिक वाल्यावस्था विकासलाई परिचित गराउनु भएको छ । यसै गरी बालविकासका पक्षहरू के -के हुन सो अवस्थामा विकासका लागि वालवालिकालाई के कस्ता क्रियाकलापमा संग्लन गराउनुपर्दछ भन्ने सैद्धान्तिक अवधारणहरू प्रस्तुत गर्नु भएको छ । तर्सथ यस्ता वालवालिकाहरूमा सामाजिक, वौद्धिक, शारीरिक, भाषिक र संवेगात्मक जस्ता विविध पक्षहरूको विकासका लागि अभिभावक, सहयोगी कार्यकर्ता, स्याहार सुसार गर्ने व्यक्ति, राष्ट्रिय र अन्तराष्ट्रिय संघसंस्थाहरूले के कस्तो भूमिका निर्वाह गर्नु पर्दछ भन्ने पक्षलाई प्रष्ट पारेका छन् । भौतिक व्यवस्थापन अर्न्तगत भवन, फर्निचर, खेलमैदान, बगैंचाको उचित व्यवस्थापन गर्नुपर्ने कुरा उल्लेख गर्नुभएको छ । यसैगरी शिक्षण विधि र शैक्षिक सामग्रीको रूपमा वाल केन्द्रित शिक्षण विधि र श्रव्य दृश्य सामग्रीको प्रयोग गरी वालवालिकाहरूको चौतर्फी विकासमा सहयोग पुऱ्याउन सकिने कुरा उल्लेख गर्नु भएको छ ।

यसरी मल्लले आफ्नो लेखमा प्रारम्भिक वालवालिकाको लागि विद्यालय, समाज तथा विभिन्न संघ संस्थाको महत्वपूर्या भूमिका आवश्यक भएको पाइन्छ । शैक्षिक वातावरणका

लागि भवन, कक्षाकोठा, खेलमैदान, वगैंचाको व्यवस्थापन आवश्यक भएको, शिक्षण वाल केन्द्रित हुनु पर्ने तथा श्रव्य दृश्य जस्ता शैक्षिक सामग्रीको प्रयोग हुनु पर्ने वताउनु हुन्छ ।

सेरिड (२०४९) ले आधारभूत तथा प्राथमिक शिक्षा परियोजना अन्तर्गत सञ्चालित शिशुकक्षाहरूको सुधार गर्ने उद्देश्यले शिशुकक्षा कार्यक्रमको प्रभावकारिताको अध्ययन गरेको पाइन्छ । उक्त अध्ययनले शिशुकक्षा पढेर प्रा.वि. तहको कक्षा-१ मा पढनेको औसत उपलब्धि १५% ले बढि भएको निश्कर्ष निकालेको छ । सोही अध्ययनले पढ्ने लेख्ने सीपको विकास गर्नु, अनुसन्धान निर्माण गर्ने, साथी बनाउने, समग्रमा गुणस्तरीय शिक्षाको आधारमा निर्माण गर्न शिशुकक्षा महत्वपूर्ण भएको पुष्टि गरेको छ ।

यसरी सेरिडले गरेको अध्ययनवाट शिशु कक्षाको व्यवस्था वालवालिकाहरूको सर्वाङ्गिण विकासमा सहयोग पुऱ्याउनुका साथै गुणस्तरीय शिक्षाको आधार तयार हुने पाइन्छ।

खनाल (२०६१) ले आफ्नो अप्रकाशित शोधपत्र प्रारम्भिक वाल विकास र पाठ्यक्रम कार्यान्वयन सम्बन्धी अध्ययनमा विद्यालयहरूमा पुस्तक मुखी शिक्षण सिकाइ भै उद्देश्य अनुरूप कार्यान्वयन हुन नसकी रहेको भएपनि वालवालिकाहरूको विकासमा भने वाल विकास कार्यक्रमले सकारात्मक प्रभाव पारेको निष्कर्ष निकाल्नु भएको छ ।

उक्त शोधमा वालविकास केन्द्रका वालवालिकाहरूको पुस्तकमुखी शिक्षण भएका कारण पाढ्यक्रम कार्यान्वयन प्रभावकारी बन्न नसकेको पाइन्छ तर वालवालिकाको विकासमा भन वालविकास कार्यक्रमले सकारात्मक प्रभाव देखिन्छ ।

गौतम (२०६३) ले प्रारम्भिक वाल शिक्षा कार्यक्रमले वालबालिकाहरूको सिकाइमा पारेको प्रभावको अध्ययनबाट वाल शिक्षाको अवसर प्राप्त वालबालिकाहरूको विषयत औसत प्राप्तांक अवसर अप्राप्त वालबालिकाहरूको तुलनामा बढी रहेको पाइयो । उनले आफ्नो अध्ययनमा वाल शिक्षाको अवसर प्राप्त वालवालिकाहरूको सीप विकास अवसर अप्राप्त बालबालिकाको तुलनामा बढी रहेको जानकारी संख्यात्मक रूपमा व्यक्त गरेको पाइयो । त्यस्तै अवसर प्राप्त बालबालिकाहरूको सरसफाई, बानी व्यवहार सम्बन्धी भावना तथा संवेग विकाससँग सम्बन्धी सीप वाल शिक्षाको अवसर अप्राप्त वाल वालिकाको तुलनामा बढि प्रतिशत रहेको पाइयो । उक्त शोधमा बालबालिकाको नियमितता तथा अतिरिक्त क्रियाकलापमा सहभागितालाई हेर्दा तुलनात्मक रूपमा शिक्षाको अवसर प्राप्त वालबालिकाहरूको प्रतिशत बढि रहेको पाइयो । गौतमले आफ्नो शोधमा अवसर प्राप्त वालवालिकाहरूको शैक्षिक र मनोवैज्ञानिक विकासँग सम्बन्ध राख्ने सुचकहरू अवसर

अप्राप्तको तुलनामा उच्च भएको व्यक्त गर्नुभएको छ । उहाँले प्रारम्भिक वाल शिक्षा कार्यक्रमको प्रभावका सम्बन्धमा विद्यालयका प्र.अ., शिक्षक, अभिभावक, स.का. शिक्षा प्रेमी साथै वाल शिक्षामा सरोकार राख्ने संघसंस्थाका प्रतिनिधिहरूले प्रारम्भिक वाल विकास कार्यक्रमको आवश्यकता, विकास र विस्तारमा जोड दिएको उल्लेख गर्नुभएको छ । साथै यस अध्ययनको क्रममा अध्ययन स्थलमा भेट हुने नागरिक समाज, संघ संस्थाका प्रतिनिधि, वाल क्लव र विद्यार्थी वर्गबाट यो कार्यक्रमले अभिभावकहरूको चेतना अभिभवृद्धि गर्न र जनमानसमा प्रभाव देखाउन सकेकोले सबै स्थानमा यस्ता कार्यक्रमहरूलाई सञ्चालन गर्नुपर्ने राय प्रकट गरेको पाइयो ।

उपरोत्त शोधपत्रमा वाल शिक्षाको अवसर पाएका वालवालिकाको सिकाइ उपलब्धि, नियमितता, विभिन्न सिप विकास, सरसफाई, संवेग, अतिरिक्त क्रियाकलापमा सहभागिता आदि विभिन्न पक्ष अवसर अप्राप्त वालवालिकाको भन्दा राम्रो रहेको बताउनु हुन्छ । त्यस्तै वालशिक्षामा सरोकार राख्ने विभिन्न पक्षहरूको राय अनुसार सवै स्थानमा अभिभावकहरूको चेतना अभिवृद्धि गर्ने खालका कार्यक्रम पुऱ्याउनाले वालविकास कार्यक्रम सफल हुने देखिन्छ।

आचार्य (२०६६) ले वाल विकास केन्द्रले सिकाइ उपलब्धिमा पारेको प्रभाव सम्बन्धी अप्रकाशित शोधमा वालविकास केन्द्रबाट कक्षा १ मा आएका वालबालिकाहरूको औसत उपलब्धि तथा औसत उपस्थिति सिधै कक्षा एकमा आएका वालबालिकाहरूको भन्दा उच्च देखियो । उहाको शोधमा शारीरिक र सिर्जनात्मक शिक्षामा वालबालिकाहरूको सहभागितालाई हेर्दा वाल विकास केन्द्रबाट आएका वालबालिकाहरूको उच्च देखिन्छ । वालविकास केन्द्रबाट आएका  वालबालिबाहरूले सरसफाइमा ध्यान दिएको, शिक्षकसँग सम्बन्ध राम्रो भएको, साथीसँग मिलेर बस्ने, कक्षामा छिटो समायोजन हुने र विषयगत उत्सुकता ज्यादा देखाउने गरेको पाइन्छ । सिधै कक्षा एकमा आएका वालबालिकाहरूभन्दा बालविकास केन्द्रबाट आएका वालबालिकाहरू कक्षा र गृहकार्यमा बढी सहभागिता भएकोले यिनीहरूलाई सिकाउन सहज भएको पाइयो । वालविकासकेन्द्र सञ्चालन भएका विद्यालयहरूमा कक्षा एकको भर्ना दरमा बृद्धि भएको तथा सिघै कक्षा एकमा आउने विद्यार्थीहरू न्यून भएको यो शोधमा पाइन्छ ।

आचार्यले आफ्नो शोधमा सामुदायिक विद्यालयहरूमा बालविकास केन्द्रहरूको सञ्चालन छुट्टै नभएको, वालबालिकाहरूका लागि शुद्ध पिउनेपानी, अनुकुल वातावरण, खेलमैदान, शौचालय आदिको व्यवस्था नभएको यस अध्ययनबाट देखिन्छ । अझ भन्ने हो

भने वाल विकास केन्द्रमा शैक्षिक सामग्री तथा सहयोगी पुस्तिकाको अभाव देखिएता पनि सञ्चालन भने सबै वाल विकास केन्द्रमा महिलाहरूबाटै भएको पाइयो । वालविकास केन्द्रहरू नियमित रूपमा निरीक्षण र मूल्याङ्कन नभएको हुँदा केन्द्रमा वालबालिकाहरू निर्देशिकाले निर्देश गरेभन्दा बढी पाइयो ।

यस शोधमा वालविकास केन्द्रका वालबालिकाहरू केन्द्रमा ५-६ घण्टा विताएतापनि खाजाको व्यवस्था भएको पाइदैन । त्यस्तै स.कालाई खासै तालिमको व्यवस्था गरिएको पनि पाइएन । वालविकास केन्द्रहरूमा स.का. ले अरु शिक्षक सरह समय खर्चिनु परेतापनि न्यून पारिश्रमिकका कारण स.का. हरू वालविकास केन्द्रप्रति पूर्ण रूपले उत्साही भएको पाइएन । यस्तै कक्षा एकमा अध्ययन गर्ने सबै बालबालिकाहरू सबैले वाल शिक्षाको अवसर भने पाइएको देखिएन ।

वालशिक्षाको अवसर प्राप्त वालवालिकाहरूको शैक्षिक, सामजिक जस्ता पक्षहरू राम्रो भएको वताउनुहुन्छ भने उहाँको शोधमा वालविकास केन्द्रमा भवन, पिउने पानी, शैक्षिक सामग्री तथा सहयोगी पुस्तिका, शौचालय, खेलमैदान, नियमित नियमिता निरीक्षण आदिको अभाव रहेको पाइन्छ ।

पौडेल (२०६६) ले तयार पार्नु भएको शोध पत्रमा प्रारम्भिक वाल विकास कार्यक्रमको प्रभावकारिता भित्र वालवालिकाहरूको सिकाइ उपलब्धिको विश्लेषण, उपस्थिति, अतिरिक्ति क्रियाकलापमा सहभागिता, सृजनात्मक र शारीरिक शिक्षा तथा सरसफाइ जस्ता पक्षहरूमा वालशिक्षा प्राप्त वालवालिकाहरू वाल शिक्षा अप्राप्त वाल वालिकाहरू भन्दा अगाडि देखिन्छ । तर उक्त शोधमा स्रोतर साधन तथा व्यवस्थापकीय पक्षको बारेमा भने मौन छ ।

यसरी उक्त शोधमा वालविकास कार्यक्रमले वालवालिकाहरूको सर्वपक्ष  सकारात्मक प्रभाव रहेको भने स्रोत र साधन तथा व्यवस्थापकीय पक्ष भने मौन रहेको पाइन्छ ।

खत्री (२०६७) ले आफ्नो शोधमा वालविकास केन्द्रबाट आएका वालबालिकाहरूको विषयगत औसत उपस्थिति सिधै भर्ना भएका वालबालिकाहरूको तुलनामा उच्च पाइयो । अतिरिक्त क्रियाकलाप सम्बन्धी सीप, सरसफाइ सम्बन्धी सीप तथा सामाजिक सूचकहरू वाल विकास केन्द्रबाट आएका वालबालिकाहरूको सिधै कक्षा १मा आएका वालबालिकाहरूकोभन्दा राम्रो रहेको पाइयो । उहाँको शोधमा सबै वालविकास केन्द्रमा स.का. हरू महिलानै रहेको देखिन्छ ।

वालविकास केन्द्रको छुट्टै भवन नभएको, बसाइ व्यवस्था राम्रो नभएको, खेल मैदानको व्यवस्था नभएको, शुद्ध पिउने पानीको अभाव भएको तथा छुट्टै शौचालयको व्यवस्था नभएको पाइयो । वाल विकास केन्द्रमा पर्याप्त शै.सा. तथा नियमित निरीक्षण र मूल्यांकन नभएको पाइन्छ । स.का.लाई तालिमको पर्याप्तता नभएको तथा पारिश्रमिक न्यून रहेको छ । जसले गर्दा काम प्रति उदासीनता देखिन्छ भने वा.वि.के. मा निर्देशिकाले निर्देश गरे अनुसार नै वालबालिका भएको पाइयो ।

उपरोक्त शोधमा विलविकास केन्द्रवाट आएका वालवालिकाहरूको शैक्षिक, सामाजिक तथा सीप विकास सम्वन्धी राम्रो रहेको पाइन्छ  भने भौतिक व्यवस्थापन तथा स.का.को प्रभावकारितामा भने समस्या रहेको देखिन्छ ।

दाहाल (२०६८) ले वालबालिकाको सामाजिकीकरणमा प्रारम्भिक वाल विकास केन्द्रको प्रभाव शोधमा वाल कक्षामा गरिने क्रियाकलापले कक्षा १ को सिकाइउपलब्धिमा प्रभाव पारेको पाइयो । वालबालिकाको सामाजिक व्यवहार, नैतिकता, आज्ञाकारिता अनुसन्धान जस्ता सामाजिक पक्षहरूको विकासमा बाल शिक्षाको महत्वपूर्ण भूमिका रहेको छ । पारिवारिक सिकाइसँग वालबालिकाहरूको सम्बन्ध स्थापना भएको यस शोधमा बताइएको भेटियो । वा.वि.केमा पुस्तकीय ज्ञान भन्दा क्रियाकलापमुखी बनाई सामाजिक व्यवहार सिकाउन थालिएको छ । वालबालिकाहरूको विकास तथा अनुशासनका सीपहरूमा जोड दिएको पाइयो । वाल विकास केन्द्रको अवसर प्राप्त वालबालिकाहरूको शैक्षिक र मनोवैज्ञानिक विकासँग सम्बन्ध राख्ने सुचकहरू उच्च पाइयो । अतिरिक्त क्रियाकलाप सम्बन्धी अभिरुची सिधै कक्षा १ मा आएका वालबालिकाभन्दा वाल कक्षाबाट आएका वालबालिकाको उच्च रहेको पाइयो ।

दाहालको शोधमा वालविकास केन्द्रका वालवालिकाहरूको सिकाइ सम्वन्धी तथा सामाजिक पक्षहरूको विकासमा सकारात्मक प्रभाव रहनुका साथै अन्य पक्षहरू पनि वालकक्षा वाट आएका वालवालिकाहरूको सवल रहेको छ ।

अनुसन्धान कर्ताले प्राप्ति गरेका विषय वस्तुहरू मध्ये समस्यामूलक पक्षहरूका बारेमा अनुसन्धान हुनु आवश्यक छ । यहाँ उपरोक्त शोधहरूमा कक्षा १ मा अध्ययनरत वालवालिकाहरूको समस्यको पहिचान गरी सो को समाधानका लागि केही पनि प्रयास गरिएको नपाइएको हुदा कक्षा १ का दुवै किसिमका बालबालिकाहरूको सिकाइमा देखिएका समस्याहरू र सोको समाधानका उपायहरू पत्ता लगाउन यो शोध सार्थक रहन्छ ।

## २.२ सैद्धान्तिक खाका

फ्रोवेल (१८२६) ले प्रतिपादन गरेको सिद्धान्तअनुसारको शिक्षा प्राणालीलाई किन्डर गार्डेन शिक्षा प्रणाली भनिन्छ । उनले शिक्षकलाई मालि र वालबालिकाहरूलाई बगैचाको विरुवाको रूपमा तुलना गरेका छन् । यस सिद्धान्तमा बालबालिकाहरूमा भएको अन्तरनिहित प्रतिभालाई शरीरको चाल हाउभाउ खेल, गित र रङ्गहरूको प्रयोग जस्ता शिक्षण विधिको प्रयोग गरी प्रस्फुटन गराउन सकिने उल्लेख छ । उनले विद्यालयमा विभिन्न कार्यक्रम सञ्चालन गर्न सात वटा उपायहरूको व्यवस्था गरे ती उपयाहरू नै उनको शिक्षा प्रणालीमा शिक्षाका साधान भएको उनी बताउछन् । यी साधानहरूको प्रयोग हातले छोएर हेरेर, मनले बुझ्रेर, आकार, प्रकृति , सतह र संख्या आदिको धारणा सिकाउन प्रयोग गरिन्छ । उनले बालबालिकाहरूको शिक्षा शैशव अवस्थामा नै सुरु हुनु पर्दछ भनेका छन् जसका कारण बालबालिकाहरूले विद्यालय प्रवेश गर्ने वेलामा राम्रो विद्यार्थीको रूपमा प्रर्दशन गर्न सक्छन् । जुन वालबालिका शिशु भए पनि राम्रो हुने आशा कम हुन्छ । उनको भनाइमा आत्म क्रियाकलाप, आत्मअभिव्यक्त र आत्मानुभूति आदि कुराहरू समाजमा रहेर सामाजिकीकरण प्रक्रियाबाट सिक्ने कुरा हुन  । बालबालिकाहरूको पूर्ण विकासको लागि घर, परिवार, विद्यालय, धार्मिक संस्था र राज्य आवश्यक पर्दछ । कुनै पनि वालबालिकाको शिक्षा एक्लै पूर्ण हुदैन । तिनीहरू अरु वालबालिकाहरूसँग घुलमिल हुनु पर्दछ जसबाट उनीहरूले सिक्ने गर्दछन् । किनकि शिक्षा भन्नु नै आत्म क्रियाकलापद्वारा गरेर सिक्ने हो । उनका अनुसार वालबालिकाहरूमा अन्तरनिहित र नैसर्गिक मानवीय गुणहरूको स्वच्छन्दपूर्वक विकास गर्नु शिक्षाको मुख्य उद्देश्य हो । अर्को शब्दमा वालबालिकाहरूमा अवगुण हटाई जीवन र समाज उपयोगी क्रियाकलापमा संलग्न गराई नैसर्गिक व्यक्तित्वको विकास गर्नु नै शिक्षाको मूल उद्देश्य हो । उनले वालबालिकाहरूको विकासको लागि कुनै निश्चित पाठ्यक्रम तर्जुमा गरेका छैन्न । उनको पाठ्यक्रममा वालबालिकाहरूलाई बालक्रियाकलाप र खेललाई नै प्रमुख स्थान दिएको पाइन्छ भने पाठ्यपुस्तकलाई कुनै स्थान दिएको पाइदैन ( शर्मा,२०६४बाट उद्धृत) ।

मन्टेश्वरी (१९०७) को सिद्धान्तअनुसार शिक्षा भन्नु विकास हो । विकास बालबालिकाहरूको मनभित्रबाट आउनु पर्दछ । वालवालिकाको जन्मजात गुणहरूलाई पूर्णरूप दिनु नै शिक्षा हो । वालबालिकाहरू जन्मिएको वेला उनीहरूको आन्तरिक स्वरूप

स्वतन्त्र वातावरणमा प्रस्फुटन हुन सक्छ त्यसकारण वालबालिकाहरूका लागि स्वतन्त्रता अपरिहार्य हुन्छ । मन्टेश्वरीको विचारमा स्वतन्त्रता वालबालिकाको भौतिक अधिकार हो । शिक्षकले वालकालिकाहरूको सिकाइलाई प्रभाव पार्ने गरी दवाव दिएमा उनीहरूले सिक्न सक्दैनन् । स्वशिक्षा मन्टेश्वरीको सर्वोत्तम विधि हो । जसबाट वालबालिकाहरू आफ्नो क्षमता अनुसार आफ्नै ढंगबाट सिक्दछन् । उनले मांसपेशीको तालिमलाई प्रारम्भिक वालशिक्षाको महत्वपूर्ण अंगको रूपमा लिएको छन्  । जसको फलस्वरूप हिड्ने, दगुर्ने लेख्ने जस्ता क्रियाकलापहरूमा सन्तुलन आउँदछ । ज्ञानेन्द्रियहरू ज्ञानका प्रवेशद्वारा हुन । त्यसैले शैक्षिक प्रक्रियामा ज्ञानेन्द्रियको महत्वपूर्ण भूमिका हुन्छ । सानै उमेरदेखि ज्ञानेन्दि्यहरूले उपयुक्त तालिम पाएमा सिक्ने कार्य सहज, सरल र बलियो हुन्छ । ज्ञानेन्द्रियको अभ्यासले तर्कपूर्ण चिन्तन र युक्तिपूर्ण निर्णय दिन सक्ने हुन्छन् । प्रारम्भिक वालशिक्षलाई मन्टेश्वरीले वालगृहको रूपमा लिएकी छन् । यो सन् १९०७ मा वालगृह नामक प्रारम्भिक मन्टेश्वरी शिक्षा प्रणालीका आधारित छ । यस प्रणालीको मुख्य उद्देश्य स्वतन्त्र वातावरणमा वालवालिकाहरूको व्यक्तिवादी भावनाको विकास गर्नु हो । यसमा बालकेन्द्रित पाठ्यक्रम हुन्छ । वालवालिकाको ज्ञानेन्द्रियहरूलाई तालिम दिइ गरिने क्रियाकलापनै यस पद्धतिको शिक्षक विधि हो उनकाअनुसार वालगृहमा घरकै वातावरणको संरचना गरिएको हुन्छ । मन्टेश्वरी स्कुलको भवनहरूमा काम गर्ने कोठा, स्नानकोठा, चर्पी, सुत्नेकोठा, फूलवारी, खेलमैदान आदिको व्यवस्था गरिएको हुन्छ । वालबालिकाहरूको उमेर सुहाउदो फर्निचर तथा विभिन्न समानहरू बनाइएको हुन्छ । दिसा-पिसाव, नुवाइ-धुवाइ, सर-सफाइ, वगैचाको हेरविचार अाीद सबै वालसमूहले नै गर्दछन् । उपदेशात्मक उपकरणहरू खेलाएर वालबालिकाहरू आफै सिक्दछन् । उनीहरू आ-आफ्नै रुची अनुसार कुनै न कुने क्रियाकलापमा संलग्न हुन्छन् । स्वतन्त्र वातावरणमा वालवालिकाहरूको व्यक्तिवादी भावनाको विकास गर्नु मन्टेश्वरी शिक्षाको उद्देश्य हो (शर्मा,२०६४ बाट उद्धृत) ।

## २.३ पुनरावलोकनको शैक्षिक उपादेयता

पूर्व शोध कार्यहरूको अध्ययनबाट प्रारम्भिक वालविकास केन्द्रको शैक्षिक विकासमा देखिएका समस्याहरू र उक्त शोध कार्यको अध्ययनबाट आएका सत्य तथ्य पक्षलाई व्यवाहारमा लागु गरिएको छ छैन भन्ने पक्षको जानकारी हासील गर्नु पर्ने हुन्छ । जसले गर्दा वाल विकास केन्द्रको समस्यागत मुद्धाहरूलाई  अध्ययन गरी त्यसका समाधानका

उपायहरू समेत पत्तालगाइ शिक्षा क्षेत्रमा समान्यीकरण गर्न यस अनुसन्धानकर्ताको शोध शीर्षक सफल हुनेमा विश्वास गरीएको छ । यस्तै अनुसन्धानमा सो विषयसँग सम्बन्धी सिद्धान्तको परिधी भित्र रहेर अनुसन्धान गर्न सकेमा आफ्नो विषयको अनुसन्धान कार्य सफल हुन्छ । जसले गर्दा आफ्नो शोधले औल्याएको विषयमा खुराक प्राप्त गर्दछ । यस अध्यायनमा उल्लेखीत सिद्धान्तबाट अनुसन्धानकर्ताले आवश्यक दिशा पहिल्याइ पत्ता लगेका कुराहरूलाई सम्बन्धीत क्षेत्रमा सामान्यीकरण गर्न सकियोस् ।

# परिच्छेद तीन : अध्ययन विधि

यस अध्ययनका लागि अनुसन्धान ढाँचा, जनसङ्ख्या, नमुनाको आकार, नमुना छनौट विधि, नमुना छनौट विधिको आकार, अनुसन्धानका साधन, तथ्याङ्कको संकलन जस्ता विविध अध्ययनका विधि प्रयोग गरिएको छ ।

## ३.१ अनुसन्धान ढाँचा

प्रस्तुत शोध विद्यालयमा आधारित बाल विकास केन्द्र र कक्षा १सँग सम्बन्धित शैक्षिक र भौतिक पक्षहरूको टिपोट उठाइ परिमाणात्मक र वर्णनात्मक पद्धतिमा आधारित भै तथ्याहरूलाई व्यक्त गरिएको छ । शोध कर्ताले अध्ययनको क्रममा देखिएका अवस्था, प्रक्रिया समस्याको व्याख्या विश्लेषण तथ्यांकीय र शाब्दिक दुवै रूपबाट गर्ने भएकोले यसलाई उल्लेखित ढाँचामा सम्पन्न गरिएको छ ।

## ३.२ जनसंख्या

यो अध्ययन मोरङ जिल्लाको बाहुनी स्रोतकेन्द्रमा भएका ६४ वटा वाल विकास केन्द्र मध्ये विद्यालयमा आधारित ३५ वटा वा.वि.के. र २५ वटा विद्यालयहरू का प्राथमिक तहको कक्षा १ मा अध्ययापन गर्ने शिक्षक, विद्यालयका प्र.अ. हरू, वि.व्य.स. अध्यक्षहरू, स.का. हरू, सम्बन्धित अभिभावकहरू र सम्बन्धित विद्यार्थीहलाई कुल जनसंख्याको रूपमा लिइएको छ ।

## ३.३. नमुना छनोट

### ३.३.१ नमूनाको आकार

बाहुनी स्रोतकेन्द्र अन्तर्गत रहेका २५ वटा विद्यालय र यसै स्रोतकेन्द्र भित्र विद्यालयमा आधारित ३५ वटा वाल विकास केन्द्र रहेका छन् । यस स्रोतकेन्द्र भित्र ४ वटा गा.वि.सहरू भएकाले उक्त गा.वि.स.का ४ वटा विद्यालयको कक्षा-१ (जसमा विद्यालयमा आधारित वा.वि.के. छन्) छनौट गरिएको छ । उक्त ४ वटा कक्षा-१ बाट बाल विकास केन्द्रबाट कक्षा १ मा आएका ३/३ जना विद्यार्थीको दरले १२ विद्यार्थीहरू र सिधै कक्षा १ मा आएका ३ /३ जना विद्यार्थीका दरले १२ विद्यार्थी गरी जम्मा २४ विद्यार्थीहरू १/१

जनाका दरले ४ स.का.,१/१ जनाका दरले कक्षा १ का ४ जना शिक्षक, १/१ जनाका दरले ४ जना प्र.अ., १/१ जनाका दरले ४ जना वि.व्य.स.अ. , ४ जना अभिभावकहरू, १ जना स्रोतव्यक्ति यस अनुसन्धानको नमुना अन्तर्गत राखिएको छ ।

### ३.३.२ नमुना छनौट विधि

सीमित स्रोत र साधानको कारणले यो अध्ययन उद्देश्य मूलक नमुना छनौट विधिका अधारमा छनौट गरिएको छ ।

### ३.३.३ नमुना छनौटको आधार

अनुसन्धान कर्ताको शैक्षिक उद्देश्य प्राप्ति गर्नका लागि गरिने यो अध्ययनका लागि नमुनाको छनौट गर्न मुख्य आधार भौगोलिक क्षेत्र, जातीय सुगमता, मितव्ययिता, तथ्यांक प्राप्त गर्न सजिलो, यातायतको सुविधा, आफ्नो कार्यक्षेत्र स्थल र समय, साधन र स्रोतलाई आधार मानी नमुनाको छनौट गरिएको छ । यसैगरी भौगोलिक सन्तुलन, विद्यालयको स्तरीयता, शिक्षक विद्यार्थीको संख्या समेतलाई नमुना छनौटको आधार मानिएको छ ।

### ३.४ अनुसन्धानका साधन

अनुसन्धान कार्यलाई पुरा गर्न आवश्यक पर्ने तथ्याङ्कको सङ्कलन निम्न लिखित अनुसन्धानका साधनहरूको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.४.१ प्रश्नावली

पूर्व निर्धारित उद्देश्यहरूको आधारमा योजनाबद्ध रूपले तयार गरिएको प्रश्नहरूको श्रृङ्खला नै प्रश्नावली हो । प्राथमिक विद्यालयको विद्यार्थी  र तिनीहरूको सिकाइ उपलब्धि पहिचान गर्नु प्र.अ., शिक्षक, विद्यार्थी, अभिभावक, वि.व्य.स.अ. तथा स्रोतव्यक्तिहरूलाई पूर्व निर्धारित प्रश्नहरूको प्रयोग गरी सूचना तथा जानकारी सङ्कलन गरिएकोछ । प्रश्नावलीका नमुनाहरू अनुसूची ३,५,६ र ९ मा राखिएका छन् ।

### ३.४.२ अन्तर्वार्ता सूची

व्यक्तिको आन्तरिक विचार, चाहना, धारणा र सोच अभिव्यक्त गर्ने माध्यम, अन्तवार्ता हो । अन्तवार्ता विद्यालयमा अध्ययनरत विद्यार्थी र तिनको अभिभावकहरूका लागि

पूर्व विद्यार्थी अनुपात र सिकाइ उपलब्धि विविध पक्षहरूको तथ्यांक, सूचना र जानकारी संकलन गरिएको छ। अन्तरवार्ता सूची अनुसूची ७ र ८ मा समावेश गरिएको छ।

### ३.४.३ कक्षा अवलोकन फाराम

नयाँ विषयवस्तुको जानकारी प्राप्त गर्नका लागि कुनै व्यक्ति वा वस्तुलाई पटक पटक हेर्नु अवलोकन हो। कक्षा अवलोकन फाराम प्रारम्भिक वाल्यवस्था शिक्षा लिएका र सिधै कक्षा-१मा भर्ना भएका वालवालिकाहरूको सिकाइ उपलब्धिको तुलानात्मक अध्ययन गर्न फरामको निर्माण गरी आवश्यक सूचना संकलन गरिएको छ। यी फारमलाई अनुसूची १, २ र ४ मा समावेश गरिएको छ।

यस अध्ययनको प्रयोजनका लागि संकलित तथ्याङ्कहरूको वैधताका लागि विभिन्न पक्षहरूसँग प्रश्नावलीहरूमा उही प्रश्नहरू सोधिएका छन् भने ती प्रश्नका प्रतिक्रियाहरूलाई स्थलगत सर्वेक्षण फारम र कक्षाकोठा अवलोकन फारम मार्फत Cross cheeck समेत गरेर परीक्षण गरिएको छ। सुपरिवेक्षणको विशेषज्ञताको सेवालाई समेत तथ्याङ्कको वैधताको आधार मानिनेछ।

## ३.५ तथ्याङ्कका स्रोतहरू

यस अध्ययनका लागि तथ्याङ्क सङ्कलन गर्न प्राथमिक तथा द्वितीयक दुवै स्रोतको उपयोग गरिएको छ।

### ३.५.१ प्राथमिक स्रोत

नमुना छनौटमा परेका विद्यालयका प्र.अ., विद्यार्थी, शिक्षक, अभिभावक, अध्यक्ष, स्रोतव्यक्तिसँग अन्तरवार्ता, अवलोकन, प्रश्नावली, सामूहिक छलफल गरी, प्राथमिक तथ्याङ्क तथा सूचनाहरू सङ्कलन गरिएको छ। यसरी प्राथमिक तथ्याङ्क प्राप्त गर्न लक्षित समूहमा छलफल समेत गरिएको छ। यसै गरी विद्यालय पुगेर अभिलेख अवलोकन, अध्ययनको माध्यमबाट प्राथमिक तथ्याङ्क प्राप्त गरिएको छ।

### ३.५.२ द्वितीयक स्रोत

यस अध्ययनका लागि द्वितीयक स्रोतबाट समेत तथ्याङ्क तथा सूचनाहरू सङ्कलन गरिएको छ । नमुना छनौटमा परेका विद्यालयहरूको मूल्याङ्कन, अभिलेख अध्ययन विभिन्न शोधप्रश्नहरू, पुस्तकहरू, लेखहरू तथा जनगणनाहरूको तथ्याङ्क लिइएको छ । यस अनुसन्धानमा परिमाणात्मक र गुणात्मक दुवै प्रकारका तथ्याङ्कहरूको प्रयोग समय र सन्दर्भ अनुसार गरिएको छ ।

## ३.६ तथ्याङ्क सङ्कलन विधि

प्राथमिक र द्वितीयक स्रोतको सहायताले प्रश्नावली, अन्तर्वार्ता, अवलोकन, अभिलेख आदिको माध्यमबाट विद्यार्थी, स.का., शिक्षक, प्र.अ., वि.व्य.स., अभिभावक तथा स्रोत व्यक्ति, समक्ष उक्त अनुसन्धान साधनहरूको प्रयोग गरी तथ्याङ्क संकलन गरिएको छ ।

## ३.७ तथ्याङ्कको विश्लेषण विधि

अनुसन्धानका साधानहरूबाट प्राप्त/सङ्कलन गरिएका सूचना जानकारी र तथ्य, तथ्याङ्कहरूलाई तिनीहरूको प्रकृति हेरी आवश्यक मात्रामा उद्देश्यअनुसार क्रमशः क्रम मिलाई तालिकीकरण गर्दै व्याख्यात्मक, परिमाणात्मक र सम्बन्धित साहित्यसँग सम्बन्ध जोड्दै तथ्याङ्क विश्लेषण गरी निष्कर्ष निकालिएको छ । यसै गरी प्राप्त तथ्याङ्कलाई आवश्यकतानुसार व्याख्या र विश्लेषण गरिएको छ ।

# परिच्छेद चारः तथ्याङ्को व्याख्या र विश्लेषण

यस अध्ययन अन्तर्गत उद्देश्य अनुसारका तथ्याङ्कहरूको संकलन गरिसकेपछि उक्त तथ्यांकहरूको व्याख्या र विश्लेषण गरी आवश्यक जानकारी दिने प्रयास गरिएको छ। अध्ययनको क्रममा छनौटमा परेका विद्यालयका बालबालिकाहरूको विषयगत औसत उपलब्धि, औसत उपस्थिति, कक्षा अवलोकन गरी आवश्यक जानकारीलाई विश्लेषण गरिएको छ भने सम्बन्ध विभिन्न पक्षहरूसँग प्रत्यक्ष रही समस्या र समाधानका उपायहरूलाई समेत प्रष्ट्याउने प्रयास गरिएको छ।

## ४.१ वालशिक्षा लिएका कक्षा एकका वालवालिकाहरूको सिकाइ उपलब्धि

वालवालिकाहरूलाई निश्चित समयको सिकाइ प्रश्चात उनीहरूले के कति ज्ञान हासिल गरे भनि उनीहरूले सिकेको सिकाइ उपलब्धिलाई विद्यालयमा परीक्षा र नियमितताबाट मूल्याकंन गर्ने गरीन्छ। वर्तमान शिक्षा नीतिअनुसार परीक्षको त्रास साना बालवालिकाहरूमा फैलाउन नहुने यसका लागि विद्यार्थीहरूको निरन्तर विद्यार्थी मूल्याङ्कन गर्नु पर्ने हो तथापि विद्यालयमा शिक्षकहरूका लागि परीक्षा प्राणली सजिलो माध्यम बनेको छ।

### ४.१.१ वालशिक्षा लिएका कक्षा एकका वालवालिकाहरूको विषयगत उपलब्धि

वाल कक्षामा वालवालिकाहरूको औपचारिक रूपमा मूल्याङ्कन नहुने भएको र ति वालवालिककाको मूल्याङ्कन गर्नु वाल मनोविज्ञानको मर्म अनुरूप पनि हुदैन। अतः वाल शिक्षा लिएर कक्षा एकमा भर्ना भएका वालवालिकाहरूको २०६८ सालको विषयगत शैक्षिक उपलब्धि निम्नानुसार प्राप्त भयो।


तालिका नं. १: वालशिक्षा लिएका कक्षा एकका वालवालिकाहरूको सिकाइ उपलब्धि विवरण

| क.स. | विषय | पूर्णाङ्क | कक्षा-१ को औसत प्राप्ताङ्क प्रतिशत | वालकक्षा वाट कक्षा-१ मा आएका वालवालिकाहरूको औसत प्राप्ताङ्क प्रतिशत |
|---|---|---|---|---|
| १ | मेरो नेपाली | १०० | ५० | ५९ |
| २ | मेरो सामजिक अध्ययन तथा सृजनात्मक कला | १०० | ५३ | ५९ |
| ३ | मेरो गणित | १०० | ५१ | ६० |
| ४ | मेरो अंग्रेजी | १०० | ४७ | ५७ |
| ५ | मेरो विज्ञान स्वास्थ्य तथा शारीरिक शिक्षा | १०० | ५२ | ६० |
| ६ | स्थानीय विषय | १०० | ४९ | ५८ |
| | जम्मा | ६०० | ३०२ | ३५३ |
| | प्रतिशत | १००% | ५०.३% | ५९% |

स्रोतः मूल्याङ्कन फारम, २०६८

उक्त तालिकामा कक्षा-१ का बालवालिकाहरूले नेपाली, सामाजिक तथा सिर्जनात्मक कला, गणित, अंग्रेजी, वातावरण विज्ञान तथा स्वास्थ्य र शारीरिक शिक्षा र स्थानीय विषयमा प्राप्त गरेको औसत प्राप्ताङ्क र सोही कक्षामा बालकक्षाबाट आएका बालबालिकाहरूको विषयगत औसत प्राप्ताङ्कलाई राखिएको छ। उक्त तालिका अनुसार कक्षा- १ को औसत प्राप्तांक ३०२ छ जुन ५०.३ % हो। वालकक्षा वाट कक्षा-१ मा आएका वालवालिकाहरूको औसत प्राप्तांक ३५३ रहेको छ जसलाई प्रतिशतमा व्यक्त गर्दा ५९% हुन्छ। उक्त तालिकामा बालबालिकाहरूको औसत प्राप्ताङ्क सबैभन्दा कम अंग्रेजी विषयमा रहेको छ भने सबैभन्दा बढी कक्षाको सामाजिक विषयमा छ त्यस्तै बालकक्षाबाट आएका बालबालिकाहरूको गणित र विज्ञान विषयमा सबैभन्दा बढी रहेको देखिन्छ। यसलाई चित्रमा निम्नानुसार प्रस्तुत गर्दा गरिएको छ।

चित्र नं. १ : वालशिक्षा लिएका कक्षा एकका वालवालिकाहरूको सिकाइ उपलब्धि विवरण




स्रोतः मूल्याङ्कन फारम, २०६८

उक्त स्तम्भ चित्रवाट यो प्रष्ट हुन्छ की चित्र नं. १ को भन्दा स्तम्भ चित्र भन्दा चित्र नं. १ को स्तम्भ चित्रमा वालवालिकाहरूको औसत प्राप्तांक सवै विषयमा उच्च देखिन्छ। यसवाट यो प्रष्ट हुन्छ कि वाल कक्षाको अध्ययन पश्चात वालवालिकाहरूको सिकाइ उपलब्धिमा पनि वृद्धि भएको छ। जुन फ्रेवेलको किडर गार्डेन सिद्धान्तमा आधारित छ किनकि जुन शिक्षा शैशवावस्थाबाट नै शरु गरेको  कारण वाल शिक्षा प्राप्त गरेको वाल वालिकाहरूको सिकाइ उपलब्धि अरु विद्यार्थीको तुलनमा उच्च देखिन्छ।

### ४.१.२ वालशिक्षा लिएका कक्षा- १ का वालवालिकाहरूको औसत उपस्थिति

विद्यालयमा वालवालिकाहरूको उपलब्धि गणना गर्ने आधारका रूपा उपस्थितिलाई पनि लिने गरेको पाइन्छ। वर्तमान परिप्रेक्ष्यमा विद्यालयमा विद्यार्थीहरूको मूल्याङ्कन को आधार उसको उपस्थितिलाई लिने गरेको पाइन्छ। किनकि जुन विद्यार्थीको दैनिक उपस्थिति (नियमितता) राम्रो छ। त्यसको सिकाइ पनि स्वाभाविक रूपमा राम्रो रहने अपेक्षा गरिन्छ। त्यसैले याहाँ वाल शिक्षा प्राप्त गरेका कक्षा-१ का वालवालिकाहरूको मासिक औसत उपस्थितिलाई निम्नानुसार तालिकामा देखाइएको छ।


तालिका नं. २ : वालशिक्षा लिएका कक्षा- १ का वालवालिकाहरूको औसत उपस्थिति

| क.स. | महिना | जम्मा दिन | विद्यालय खुलेको दिन | पढाइ भएको दिन | औसत उपस्थिति | औसत उपस्थिति प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | वैसाख | ३१ | २२ | १६ | १० | ६२.५ |
| २ | जेष्ठ | ३१ | २५ | २५ | १९ | ७६ |
| ३ | अषाढ | ३२ | १४ | १४ | १२ | ८५.७ |
| ४ | श्रावण | ३२ | १० | १० | ७ | ७० |
| ५ | भाद्र | ३१ | २५ | १७ | ११ | ६४.७ |
| ६ | असोज | ३० | ९ | ९ | ६ | ६६.७ |
| ७ | कार्तिक | ३० | १४ | १४ | १० | ७१.४ |
| ८ | मंसिर | २९ | २५ | २५ | २० | ८० |
| ९ | पौष | ३० | २३ | २३ | १९ | ८२.६ |
| १० | माघ | २९ | २२ | २२ | १८ | ८१.८ |
| ११ | फाल्गुन | ३० | २२ | २२ | १८ | ८१.८ |
|  | जम्मा | ३३५ | २११ | १९७ | १५० | ७४.८ |

स्रोतः विद्यालय अभिलेख, २०६८

माथिको तालिकामा शै.स. २०६८ को विद्यालय खुलेको दिन, पढाई भएको दिन, विद्यार्थीको मासिक औसत उपस्थिति र औसत उपस्थिति प्रतिशत देखाइएको छ। जसमा चैत्र महिनाको विद्यालय खुलेको दिन समावेश छैन किनकि उक्त महिनाको पहिलो हप्ता देखि नै परीक्षा त्यसपछि उत्तरपुस्तिका परीक्षण तथा विश्लेषण र नतिजा प्रकाशन भएकाले उक्त महिना समावेश छैन। बाँकी ११ महिनामा विद्यालय खुलेको दिन २११ छ भने उक्त समायवधिमा पढाइ भएको दिन १९७ छ। जसमा विद्यार्थीको वार्षिक औसत उपस्थिति १५० दिन छ। जसलाई प्रतिशतमा व्यक्त गर्दा ७६% हुन आउछ। अतः वाल शिक्षा प्राप्त गरेका वालवालिकाहरू वार्षिक औसत ७६% विद्यालय आउने गरेको पाइयो। यसमा वालवालिकाहरूको उपस्थिति प्रतिशत वर्षको सुरुमा भन्दा अन्त्यतिर वढीरहेको पाइन्छ। यसमा वालशिक्षा प्राप्त गरेका वालवालिकाहरूको उपस्थिति वार्षिक ७६% भएकोले यसलाई राम्रो मान्नु पर्दछ। यसलाई चित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ।

चित्र नं. २ : वालशिक्षा लिएका कक्षा- १ का वालवालिकाहरूको औसत उपस्थिति गणना




स्रोतः विद्यालय अभिलेख, २०६८

उपरोक्त स्तम्भ चित्रमा वालकक्षावाट आएका वालवालिकाहरूको औसत उपस्थिति कक्षाको औसत उपस्थिति भन्दा राम्रो रहेको पाइन्छ। यसमा न्युनतम मासिक उपस्थिति ६२.५% छ भने अधिकतम ८५.७% रहेको छ। जुन वालवालिकाहरू विद्यालयमा नियमित हुन्छन् तिनीहरूको उपलब्धि पनि उच्च रहन्छ। मारीया मन्टेश्वरीले भने झैं सिकाइ हुन भनेको वालवालिकाहरूको इच्छा अनुसार स्वतन्त्रता पूर्वक विकास गर्ने मौका दिएमा उनीहरूको अर्न्तनिहित गुणहरू आफ्नै ढंगले प्रदर्शन गर्दछन्। उनले यो पनि भनेकी छन्कि शिक्षाको सर्वोत्तम विधि स्वशिक्षा हो। अतः नियमित रूपले वालवालिकाहरू विद्यालय आए भने स्वतन्त्रता पूर्वक सिकाइ हुदा उनीहरूले राम्रो उपलब्धि हासिल गर्दछन्।

### ४.१.३ बालशिक्षा लिएका बालबालिकाहरूको कक्षा अवलोकन

नमुना छनौटमा परेका विद्यालयको कक्षा अवलोकनबाट वानी, व्यवहार, सरसफाइ तथा अतिरिक्त कियाकलापको अवस्था वालकक्षा वाट कक्षा-१ मा आएका वालवालिकाहरूको निम्नानुसार पाइयो।

तालिका नं. ३ : बालशिक्षा लिएका बालबालिकाहरूको कक्षा अवलोकन फारम

| क्र.स. | विवरण | अवस्था | | |
|---|---|---|---|---|
| | | उत्तम | मध्यम | सामान्य |
| १ | सरसफाइ | ✓ | | |
| २ | पढाइमा रुचि | ✓ | | |
| ३ | कक्षा कार्य | ✓ | | |
| ४ | गृहकार्य | ✓ | | |
| ५ | अनुशासन | ✓ | | |
| ६ | शिक्षकसंगको सम्वन्ध | | ✓ | |
| ७ | साथीसँगको सम्बन्ध | | ✓ | |
| ८ | अतिरिक्त क्रियाकलाप | ✓ | | |
| ९ | शौचालयको प्रयोग | ✓ | | |
| १० | विद्यालयमा समायोजन | ✓ | | |
| ११ | सिकाइमा सहजता | | ✓ | |
| १२ | विषयगत उत्सुकता | | ✓ | |
| १३ | सामानको जतन | ✓ | | |

स्रोत : स्थलगत अध्ययन,२०६९

उपरोक्त तालिकामा वाल्यावस्था शिक्षा लिएका कक्षा-१का वालवालिकाहरूको कक्षा अवलोकन गर्दा सरसफाइ, पढाइमा ध्यान, कक्षा कार्य, गृहकार्य, अनुसाशन, आफ्नो सामनको जतन, साथीसंगको सम्वब्ध, शिक्षकसंगको सम्वन्ध, शैचालयको प्रयोग, अतिरिक्त कियाकलाप, सिकाइमा सहजता, विषयगत उत्सुकता र विद्यालयमा समायोजन गरी १३ पक्षसंग सम्बन्धित रहेर अध्ययन तिन वटा अवस्था(उत्तम, मध्याम, र सामन्य) मा गरियो । जसमा ९ वटा पक्षको अवस्था उत्तम पाइयो भने ४ वटा पक्षको अवस्था मध्यम पाइन्छ । यसरी हेर्दा वाल्यावस्था शिक्षा लिएका वालवालिकाहरू सोही तहमा उपरोक्त विषयहरूको अभ्यस्त रहेका कारण कक्षा-१ मा पनि यी वालवालिकाहरूको अवस्था समग्रमा राम्रो पाइयो ।

## ४.२ बालशिक्षा नलिइ आएका बालबालिकाहरूको सिकाइ उपलब्धि

निश्चित समयको अध्यापन पश्चात तिनीहरूको प्रगतिलाई परीक्षा, नियमितता तथा अन्य पक्षहरूवाट मूल्याङ्कन गर्ने गरिएको पाइन्छ । अतः बालशिक्षा नलिई सोझै कक्षा-१मा भर्ना भएका वालवालिकाहरूको निम्न पक्षसंग सम्बन्धित रही शैक्षिक उपलब्धिको लेखाजोखा गरियो ।

### ४.२.१ बालशिक्षा नलिई कक्षा-१मा भर्ना भएका वालवालिकाहरूको विषयगत उपलब्धि

कक्षा-१ मा भर्ना भएका वालवालिकाहरूको विषयगत उपलब्धि अध्ययन गर्दा बालशिक्षा नलिई सिधै कक्षा-१मा भर्ना भएका वालवालिकाहरूको २०६८ सालको विषयगत उपलब्धि निम्नानुसार प्राप्त भयो ।

तालिका नं. ४ : बालशिक्षा नलिई कक्षा-१मा भर्ना भएका वालवालिकाहरूको सिकाइ उपलब्धि


| क.स. | विषय | पूर्णाङ्क | कक्षा-१ को औसत प्राप्ताङ्क | सिधै कक्षा-१ मा आएका वालवालिकाहरूको औसत प्राप्ताङ्क |
|---|---|---|---|---|
| १ | मेरो नेपाली | १०० | ५० | ४३ |
| २ | मेरो सामजिक अध्ययन तथा सृजनात्मक कला | १०० | ५३ | ४६ |
| ३ | मेरो गणित | १०० | ५१ | ४२ |
| ४ | मेरो अंग्रेजी | १०० | ४७ | ३६ |
| ५ | मेरो विज्ञान स्वास्थ्य तथा शारीरिक शिक्षा | १०० | ५२ | ४३ |
| ६ | स्थानीय विषय | १०० | ४९ | ४० |
| | जम्मा | ६०० | ३०२ | २५० |
| | प्रतिशत | १००% | ५०.३% | ४१.६% |

स्रोतः मूल्याङ्कन फारम, २०६८

माथिको तालिकामा बाल शिक्षा नलिई कक्षा-१मा अध्ययन गरेका विद्यार्थीहरूको विषयगत उपलब्धिलाई देखाइएको छ । जसमा वि.स. २०६८ को अभिलेखलाई आधार मानी

तयार गरिएको छ । जसमा कक्षा-१मा छ वटा विषयहरू नेपाली, सामजिक अध्ययन तथा सिर्जनात्मक कला, गणित, अग्रेजी, विज्ञान स्वास्थ्य तथा शारीरिक शिक्षा र स्थानीय विषयहरूको औसत प्राप्तांक प्रस्तुत गरिएको छ । उक्त बालबालिकाहरूको औसत प्राप्ताङ्क सबै भन्दा बढी मेरो सामाजिक अध्ययन तथा सिर्जनात्मककला विषयमा ४६% रहेको छ भने अंग्रजी विषयम सबैभन्दा कम ३६% रहेको देखिन्छ । समग्रमा हेर्दा कक्षा १ सम्पूर्ण विषयको औसत प्राप्ताङ्क ४१.६% हुन आउँछ । जसलाई चित्रमा प्रस्तुत गरिएको छ ।

चित्र नं. ३ : बालशिक्षा नलिई कक्षा-१मा भर्ना भएका वालवालिकाहरूको सिकाइ उपलब्धि




स्रोतः मूल्याङ्कन फारम, २०६८

उक्त चित्रमा कक्षा-१मा भर्ना भएको वालवालिकाहरूको विषयगत उपलब्धि देखाइएको छ, जुन कक्षा-१ का वालवालिकाहरूको तुलनमा सवै विषयहरूमा कम रहेको छ । फ्रोवेलले भने झै यी वालवालिकाहरू उमेर पार गरिसकेपछि विद्यालयमा आउँदा यिनीहरूलाई सिक्न गाह्रो भएकोले नतिजा राम्रो नदेखिएको हो ।

## ४.२.२ बाल शिक्षा नलिई आएका वालवालिकाहरूको औसत उपस्थिति

वालावालिकाहरूको उपलब्धि गणना गर्न विद्यालयहरूमा विद्यार्थीको उपस्थितिलाई आधार लिने गरिन्छ । विद्यालयमा जुन वालवालिकाहरूको दैनिक उपस्थिति नियमित छ त्यसको शैक्षिक स्तर पनि राम्रो हुन्छ । कक्षा-१मा बाल शिक्षा नलिई भर्ना भएका वालवालिकाहरूको मासिक औसत उपस्थितिलाई तलको तालिकामा देखाइएको छ ।


तालिका नं.५: बालशिक्षा नलिई कक्षा-१मा भर्ना भएका वालवालिकाहरूको औसत उपस्थिति

| क.स. | महिना | जम्मा दिन | विद्यालय खुलेको दिन | पढाइ भएको दिन | औसत उपस्थिति | औसत उपस्थिति प्रतिशत(%) |
|---|---|---|---|---|---|---|
| १ | वैसाख | ३१ | २२ | १६ | ७ | ४३.८० |
| २ | जेष्ठ | ३१ | २५ | २५ | १४ | ५६ |
| ३ | आषाढ | ३२ | १४ | १४ | ८ | ५७ |
| ४ | श्रावण | ३२ | १० | १० | ५ | ५० |
| ५ | भाद्र | ३१ | २५ | १७ | १० | ५८.८ |
| ६ | असोज | ३० | ९ | ९ | ५ | ५५.६ |
| ७ | कार्तिक | ३० | १४ | १४ | ८ | ५७ |
| ८ | मंसिर | २९ | २५ | २५ | १६ | ६४ |
| ९ | पौष | ३० | २३ | २३ | १६ | ७० |
| १० | माघ | २९ | २२ | २२ | १५ | ६८ |
| ११ | फाल्गुन | ३० | २२ | २२ | १५ | ६८ |
| | जम्मा | ३३५ | २११ | १९७ | १२१ | ५९ |

स्रोत: शैक्षिक क्यालेण्डर र विद्यार्थी हाजिरी खाता, २०६८

माथिको तालिकामा महिना, महिनाको जम्मा दिन, विद्यालय खुलेको दिन, पढाइ भएको दिन, मासिक औसत उपस्थिति, औसत उपस्थिति प्रतिशत देखाइएको छ यसका साथै जम्मा विद्यालय खुलेको दिन, पढाइ भएको दिन समेत देखाइएको छ । विद्यालयमा पढाइ भएको फाल्गुनसम्म मात्र भएकोले ११ महिनाको विवरण राखिएको छ । तालिका अनुसार विद्यालयमा पढाइ भएको दिन जम्मा १९७ छ भने, विद्यार्थी वार्षिक जम्मा १२१ दिन विद्यालय आएको देखिन्छ । यी बालबालिकाहरूको उपस्थिति सबैभन्दा कम वैशाख महिनामा ४३.८% रहेको छ भने सबैभन्दा बढी पौष महिनामा ७०% रहेको छ । बार्षिक औसत उपस्थिति हेर्दा यी बालबालिकाहरूको ५९% मात्र रहेको देखिन्छ । यो ज्यादै न्यून उपस्थिति हो । जसवाट वालवालिकाको कमजोरी प्रष्ट देखिन्छ । यसलाई चित्रमा निम्नानुसार प्रस्तुत गरिन्छ ।

चित्र नं ४: बाल शिक्षा नलिई कक्षा-१मा भर्ना भएका वालवालिकाहरूको औसत उपस्थिति




स्रोतः शैक्षिक क्यालेण्डर र विद्यार्थी हाजिरी खाता, २०६८

उपरोक्त स्तम्भ चित्र सोझै कक्षा-१मा भर्ना भएका वालवालिकाहरूको मासिक औसत उपस्थितिलाई प्रतिशतमा देखाउने प्रयास गरिएको छ। जसमा वालवालिकाको उपस्थिति सुरुका महिनामा न्यून र पछिल्ला महिनामा अधिक भएको पाइन्छ। चित्रमा वालवालिकाको उपस्थिति न्यूनतम ४३.८% छ भने अधिकतम ७०% रहेको छ। त्यस्तै वार्षिक उपस्थिति दर हेर्ने हो भन ५९ % मात्र हुन आउँछ। जुन न्यून हो जस्ले सिकाइलाई नराम्रो प्रभाव पार्दछ।

### ४.२.३ बाल शिक्षा नलिएका बालबालिकाहरूको कक्षा कोठा अवलोकन

बाल शिक्षा नलिई आएका बालबालिकाहरूको व्यहार सीप, बानी, सरसफाइ तथा अतिरिक्त क्रियाकलापको अवस्था कक्षा अवलोकनबाट निम्नानुसार पाइयो।

तालिका नं. ६ : बाल शिक्षा नलिई आएका बालबालिकाहरूको कक्षा अवलोकन फारम

| क.स. | विवरण | अवस्था | | |
|---|---|---|---|---|
| | | उत्तम | मध्यम | सामान्य |
| १ | सरसफाइ | | ✓ | |
| २ | पढाइमा रुचि | | ✓ | |
| ३ | कक्षा कार्य | ✓ | | |
| ४ | गृहकार्य | | | ✓ |
| ५ | अनुशासन | | ✓ | |
| ६ | शिक्षकसंगको सम्वन्ध | | | ✓ |
| ७ | साथीसँगको सम्बन्ध | | | ✓ |
| ८ | अतिरिक्त क्रियाकलाप | ✓ | | |
| ९ | शौचालयको प्रयोग | | ✓ | |
| १० | विद्यालयमा समायोजन | | ✓ | |
| ११ | सिकाइमा सहजता | | | ✓ |
| १२ | विषयगत उत्सुकता | | | ✓ |
| १३ | सामानको जतन | | ✓ | |

स्रोतः स्थलगत अध्ययन,२०६९

उपरोक्त तालिकामा बाल शिक्षा नलिई कक्षा-१मा भर्ना भएका वालवालिकाहरूको विभिन्न १३ वटा विषयसंग सम्बन्धित रही कक्षा अवलोकन गर्दा अतिरिक्त क्रियाकलाप र कक्षाकार्यको अवस्था उत्तम सरसफाई, पढाइमा ध्यान, अनुशासन, आफ्नो सामनको जतन, शौचालयको प्रयोग, विद्यालय समायोजन आदिको अवस्था माध्यम र गृहकार्य, शिक्षकसँगको सम्बन्ध, सथीसंगको सम्वन्ध, सिकाइमा सहजता, विषयगत उत्सुकता आदिको अवस्था सामान्य रहेको पाइयो । यसरी हेर्दा १३ विषयमा २ वटा विषयमा उत्तम, ६ वटा विषयमा मध्यम र ५ वटा विषयमा सामान्य रहेको पाइन्छ । जसवाटछ यी वालबालिकाहरूले सहज रूपमा सिकाइ प्राप्त गर्न उनीहरूको विभिन्न विषयको अध्ययनले पनि सहन भएको देखिदैन ।

## ४.३ वाल्यावस्था शिक्षा लिएका र नलिएका वालवालिकाहरूको सिकाइ उपलब्धिको तुलना

कक्षा-१मा भर्ना हुन आउने वालवालिकाहरू विभिन्न क्षेत्रबाट आउने गर्दछन् । कुनै वालवालिकाहरू वाल शिक्षा प्राप्त गरेर आउँछन् भने कुनै वालवालिकाहरू नसरी, किंडर गार्डेन आदि शिक्षा प्राप्त गरेर, त्यस्तै कुनै वालवालिकाहरू सोझै कक्षा-१मा आउने गर्दछन् । अनुसन्धानको उदेश्य अनुसार यहाँ वाल शिक्षा वा वाल्यावस्था शिक्षा लिइ कक्षा-१ मा भर्ना भएका र शिधै कक्षा -१मा भर्ना भएका वालवालिकाहरूको सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन गर्ने प्रयास गरिएको छ ।

### ४.३.१ कक्षा-१ का वालवालिकाहरूको विषयगत उपलब्धिको तुलना

औपचारिक शिक्षामा परीक्षालाई सिकाइ उपलब्धि मापन गर्ने साधनको रूपमा लिने गरिन्छ । यो निश्चित समयको शिक्षण क्रियाकलाप पश्चात परीक्षाको माध्यमबाट हेरिन्छ । यहाँ कक्षा-१ का वाल्यवस्था शिक्षा लिएका र नलिएका वालवालिकाहरूको विषयगत उपलब्धिको तुलना तालिकामा निम्नानुसार व्यक्त गरिन्छ ।


तालिका नं. ७: कक्षा-१ का वालवालिकाहरूको विषयगत उपलब्धिको तुलनात्मक विवरण

| क.स. | विषय | पूर्णाङ्क | वाल्यावस्था शिक्षा लिएका कक्षा १ का वालवालिकाहरूको औसत प्राप्ताङ्क प्रतिशत | बल्यावस्था शिक्षा नलिई कक्षा-१ मा भर्ना भएका वालवालिकाहरूको औसत प्राप्ताङ्क प्रतिशत |
|---|---|---|---|---|
| १ | मेरो नेपाली | १०० | ५९ | ४३ |
| २ | मेरो सामजिक अध्ययन तथा सृजनात्मक कला | १०० | ५९ | ४६ |
| ३ | मेरो गणित | १०० | ६० | ४२ |
| ४ | मेरो अंग्रेजी | १०० | ५७ | ३६ |
| ५ | मेरो विज्ञान स्वास्थ्य तथा शारीरिक शिक्षा | १०० | ६० | ४३ |
| ६ | स्थानीय विषय | १०० | ५८ | ४० |
| | जम्मा | ६०० | ३५३ | २५० |
| | प्रतिशत | १००% | ५९% | ४१.६% |

स्रोतः कक्षागत मूल्याङ्कन फारम, २०६८

उक्त तालिकालाई हेर्दा कक्षा-१ मा अध्यापन गरिने ६ वटा विषयहरू क्रमशः नेपाली, सामाजिक अध्ययन तथा सिर्जनात्मक कला, गणित, अंग्रेजी, विज्ञान, स्वास्थ्य तथा शारीरिक शिक्षा र स्थानीय विषयमा वाल्यावस्था शिक्षा लिई आएका वालवालिकाहरूले प्राप्त गरेको प्राप्ताङ्क र वाल्यावस्था शिक्षा नलिई आएका वालवालिकाहरूको विषयगत औसत प्राप्त देखाईएको छ। बाल शिक्षा लिएका बालवालिकाहरूले सबैभन्दा कम ५७% अंग्रेजी विषयमा प्राप्त गरेका छन् भने सोही विषयमा औसत ३६ प्रतिशत अंक बालशिक्षा नलिई आएका बालबालिकाहरूको देखिन्छन्। त्यस्तै बालशिक्षा नलिएका वालवालिकाहरूको विषतय औसत प्राप्ताङ्क सबैभन्दा बढी सामाजिक विषयको ४६ प्रतिशत रहेको छ भने बालशिक्षाबाट आएका बालबालिकाहरूको गणित र विज्ञान विषयमा सबैभन्दा बढी ६०% प्राप्ताङ्क रहेको छ। वालशिक्षा लिएका वालवालिकाहरूको औसत प्रतिशत ५९ छ भने वालशिक्षा नलिएका वालवालिकाहरूको सबै विषयको कुल औसत प्रतिशत ४१.६ छ। यसरी हेर्दा वालशिक्षा लिएका वालवालिकाहरूको शैक्षिक उपलब्धि वालशिक्षा नलिएका वालवालिकाहरूको भन्दा उच्च रहेको पाइन्छ। यसलाई चित्रमा प्रस्तुत गर्दा

चित्र नं ५ : कक्षा-१ का वालवालिकाहरूको विषयगत उपलब्धिको तुलनात्मक विवरण




स्रोतः कक्षागत मूल्याङ्कन फारम, २०६८

माथिको चित्रमा हेर्दा वालशिक्षा लिइ कक्षा-१मा भर्ना भएका वालवालिकाहरूको विषयगत औसत उपलब्धि सिधै कक्षा-१मा भर्ना भएका वालवालिकाहरूको विषयगत औसत उपलब्धि भन्दा राम्रो देखिन्छ। फ्रोवेलले भने जस्तै वालक राम्रो हुन शैशवावस्थामा शिक्षा

दिनु पर्दछ । हो, यहाँ पनि त्यस्तै भयो कि शैशवावस्थामा शिक्षा प्राप्त गरेका वालवालिकाहरूको शैक्षिक उपलब्धि स्तर तुलानात्मक रूपमा वाल्यावस्थमा शिक्षा नलिई कक्षा-१मा भर्ना भएका वालवालिकाहरूको भन्दा राम्रो छ ।

### ४.३.२ कक्षा-१ का वालवालिकाहरूको औसत उपस्थितिको तुलना

सिकाइ उपलब्धि मापन गर्नका लागि विद्यार्थीहरूको नियमिततालाई पनि आधार लिने गरिन्छ । जस अनुरूप यहाँ कक्षा-१का वालवालिकाहरू मध्ये वालशिक्षा प्राप्त गरी आएका र बालशिक्षा नलिई कक्षा- १ मा आएका वालवालिकाहरूको मासिक औसत उपस्थितिलाई तुलना गरिएको छ । जसलाई तालिकामा निम्नानुसार प्रस्तुत गरिएको छ :


तालिका नं. ८ : कक्षा-१ का वालवालिकाहरूको औसत उपस्थितिको तुलना

| क.स. | महिना | जम्मा दिन | विद्यालय खुलेको दिन | पढाइ भएको दिन | वाल शिक्षा लिएका वालवालिकाको | | बाल शिक्षा नलिई कक्षा-१ मा आएका वालवलिकाको | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | औसत उपस्थिति | औसत उपस्थिति प्रतिशत | औसत उपस्थिति | औसत उपस्थिति प्रतिशत |
| १ | वैसाख | ३१ | २२ | १६ | १० | ६२.५ | ७ | ४३.८० |
| २ | जेष्ठ | ३१ | २५ | २५ | १९ | ७६ | १४ | ५६ |
| ३ | आषाढ | ३२ | १४ | १४ | १२ | ८५.७ | ८ | ५७ |
| ४ | श्रावण | ३२ | १० | १० | ७ | ७० | ५ | ५० |
| ५ | भाद्र | ३१ | २५ | १७ | ११ | ६४.७ | १० | ५८.८ |
| ६ | असोज | ३० | ९ | ९ | ६ | ६६.७ | ५ | ५५.६ |
| ७ | कार्तिक | ३० | १४ | १४ | १० | ७१.४ | ८ | ५७ |
| ८ | मंसिर | २९ | २५ | २५ | २० | ८० | १६ | ६४ |
| ९ | पौष | ३० | २३ | २३ | १९ | ८२.६ | १६ | ७० |
| १० | माघ | २९ | २२ | २२ | १८ | ८१.८ | १५ | ६८ |
| ११ | फाल्गुन | ३० | २२ | २२ | १८ | ८१.८ | १५ | ६८ |
| | जम्मा | ३३५ | २११ | १९७ | १५० | ७४.८ | १२१ | ५९ |

स्रोतः शैक्षिक क्यालेण्डर र विद्यार्थी हाजिरी खाता, २०६८

तालिकामा कक्षा-१ मा अध्ययन गर्ने वाल शिक्षा लिइ आएका र बाल शिक्षा नलिई आएका कक्षा-१मा भर्ना भएका वालवालिकाहरूको मासिक औसत उपस्थितिलाई देखाइएको छ। यसमा ११ महिनालाई लिइएको छ चैत्र महिनामा परीक्षा, परीक्षण र नतिजा विश्लेषण गर्नेभएकाले उक्त महिनालाई यहाँ समावेश गरिएको छैन। तालिकामा विद्यालय खुलेको जम्मा २११ दिन पढाइ भएको जम्मा दिन १९७ रहेको छ। वालशिक्षावाट आएका विद्यार्थीको उपस्थिती वार्षिक ७४.८% छ भने बालशिक्षा नलिई  आएको विद्यार्थीको उपस्थिति वार्षिक ५९% रहेको छ। जसलाई चित्रमा व्यक्त गरिएको छ।

चित्र नं. ६ : कक्षा-१ का वालवालिकाहरूको औसत उपस्थिति तुलना




स्रोतः शैक्षिक क्यालेण्डर र विद्यार्थी हाजिरी खाता, २०६८

उक्त चित्रमा वालशिक्षा लिइ कक्षा-१मा भर्ना हुने वालवालिकाहरूको मासिक उपस्थिति न्यूनतम ६२.५% देखी अधिकतम ८५.७% सम्म रहेको छ भने बाल शिक्षा नलिई कक्षा १मा भर्ना भएका वालवालिकाहरूको मासिक उपस्थिति न्यूनतम ४३.८% र अधिकतम उपस्थिति ७०% रहेको छ। त्यस्तै वार्षिक उपस्थिति प्रतिशत वालशिक्षावाट आएका बालवालिकाहरूको ७४.८% छ भने सिधै आएका वालवालिकाहरूको ५९% रहेको छ। यसरी तथ्याङ्को विश्लेषण गर्दा बालशिक्षा लिई आएका बालबालिकाहरूको उपस्थिति तुलनात्मक रूपमा राम्रो रहेको छ। त्यसैले जुन वालवालिकाहरूको नियमितता वढी हन्छ सिकाइ पनि तिनै वालवालिकाको राम्रो हुनु स्वभाविक हो। मन्टेश्वरीले भने झैं ज्ञानेन्द्रियहरूको

सञ्चालनमा नियमितताले पनि प्रभाव पार्दछ । वालवालिकाहरूको विद्यालयमा जति वढी नियमितता छ तिनीहरूको ज्ञानेन्द्रिय पनि त्यति नै वढी सक्रिय रहन्छ जसको कारण उनीहरूको सिकाइ पनि वढी नै हुन्छ ।

### ४.३.३ कक्षा १ का वालबालिकाहरूको कक्षा अवलोकनको तुलना

सिकाइलाई प्रभाव पार्ने तत्वका रूपमा वानी, सीप, व्यवहार, सरसफाइ, अतिरिक्त क्रियाकलापमा सहभागिता, आदिलाई लिन सकिन्छ । यस शोध अध्ययनको क्रममा कक्षा-१ का वालवालिकाहरू जुन वालशिक्षा प्राप्त गरी र नगरी आएका छन् । कक्षा अवलोकनबाट उक्त दुनै प्रकृतिका वालवालिकाहरूको विविध पक्षको अवलोकन गर्दा विविध जानकारी प्राप्त भयो । जसलाई तलको तालिकाबाट तुलानात्मक अध्ययन गर्न सकिन्छ ।

तालिका नं. ९ : कक्षा अवलोकनको तुलानात्मक विवरण

| क.स. | विवरण | वालकक्षाबाट कक्षा-१मा आएका बालवालिकाहरूको अवस्था | | | बाल शिक्षा नलिई कक्षा-१मा भर्ना भएका वालवालिकाहरूको अवस्था | | |
|---|---|---|---|---|---|---|---|
| | | उत्तम | मध्यम | सामान्य | उत्तम | मध्यम | सामान्य |
| १ | सरसफाइ | ✓ | | | | ✓ | |
| २ | पढाइमा रुचि | ✓ | | | | ✓ | |
| ३ | कक्षा कार्य | ✓ | | | ✓ | | |
| ४ | गृहकार्य | ✓ | | | | | ✓ |
| ५ | अनुशासन | ✓ | | | | ✓ | |
| ६ | शिक्षकसंगको सम्वन्ध | | ✓ | | | | ✓ |
| ७ | साथीसँगको सम्बन्ध | | ✓ | | | | ✓ |
| ८ | अतिरिक्त क्रियाकलाप | ✓ | | | ✓ | | |
| ९ | शौचालयको प्रयोग | ✓ | | | | ✓ | |
| १० | विद्यालयमा समायोजन | ✓ | | | | ✓ | |
| ११ | सिकाइमा सहजता | | ✓ | | | | ✓ |
| १२ | विषयगत उत्सुकता | | ✓ | | | | ✓ |
| १३ | सामानको जतन | ✓ | | | | ✓ | |

स्रोत स्थलगत अध्ययन,२०६९

माथिको तालिकामा कक्षा-१ मा अध्ययन गर्ने वालशिक्षा प्राप्त गरी आएका र बाल शिक्षा नलिई आएका वालवालिकाहरूले विभिन्न विषयमा उनीहरूको अवस्थालाई तुलनात्मक रूपमा प्रष्ट्याउने प्रयास गरिएको छ । जसमा विभिन्न १३ विषयको अवलोकन गर्दा दुवै किसिमका वालवालिकाहरूको औसत अवस्था फरक पाइयो । तालिकामा सरसफाई, पढाइमा ध्यान, कक्षा कार्य, गृहकार्य, अनुशासन, आफ्नो सामानको जतन, साथीसंगको सक्बन्ध, शौचालयको प्रयोग अतिरित्त क्रियाकलापमा सहभागिता, सिकाइमा सहजता, विषयगत उत्सुकता र विद्यलयमा समायोजन आदि विषयको अध्ययन अवलोकन गरियो । जसबाट वालकक्षाबाट आएका वालावालिकाहरूको आवस्था औसत ९ वटा विषयमा उत्तम र ४ वटा विषयमा मध्यम रहेको पाइयो भने सिधै कक्षा-१ मा भर्ना भएका वालवालिकाहरूको अवस्था औसत २ वटा विषयमा उत्तम , ६ वटा विषयमा मध्यम र ५ वटा विषयमा सामान्य रहेको पाइयो । यसरी हेर्दा समयमा वालशिक्षा प्राप्त गरी कक्षा-१मा आएका वालवालिकाहरूको अवस्था बाल शिक्षा नलिई आएका वालवालिकाहरूको भन्दा राम्रो पाइयो । अतः यसबाट यो प्रष्ट हुन्छ की वालशिक्षाको अध्ययन गरेका वालवालिकाहरूले उक्त कक्षामा नै उक्त विषयहरूको जानकारी प्राप्त गरिसकेका हुनाले कक्षा-१ मा सहज बन्न सकेको हो भने बालशिक्षा नलिई आएका वालवालिकाहरूको बानीको विकास भई नसकेको हुँदा उनीहरूलाई उक्त विषय जटिल बनेको हो भन्न सकिन्छ ।

## ४.४ वालशिक्षा लिएका र नलिएका वालवालिकाहरूको सिकाइमा देखिएका समस्या र समाधानका उपायहरू

कक्षा-१ मा भर्ना भएका वालवालिकाहरूको कोही वालशिक्षा प्राप्त गरी आएका हुन्छन् त कोही सोभ्कै आएका हुन्छन् । वालवालिकाहरू विभिन्न सामजिक परिवेशबाट विद्यालयमा आएका हुन्छन् । यसरी विद्यालयमा आएका वालवालिकाहरूको लागि विद्यालयीय वातावरण पनि मन्टेश्वरीले भने भ्कै किसमको हुनु नितान्त आवश्यक हो । वालवालिकाहरू खेलप्रति वढी जागरुक हुने भएकाले फ्रोवेलले भने भ्कै शिक्षा प्राप्त गर्नका लागि शिक्षा खेलप्रद हुनु आवश्यक छ । कक्षा-१ का वालवालिकाहरू उमेरको हिसावले कलिला भएकाले उनीहरूको विविध पक्षको विकास गरी भविष्यको राष्ट्रको कर्णधार निर्माण गर्नु राज्यको दायित्व हुदाहुँदै पनि यस प्रति आम अभिभावक, शिक्षक, समाज सेवी, शिक्षा प्रेमीहरू पनि उतिकै चनाखो

रहनु नितान्त आवश्यक देखिन्छ । अध्ययनको क्रममा वालशिक्षा लिएका र नलिएका वालवालिकाहरूका निम्न समस्याहरू देखिएका छन् ति समस्या र समाधानका उपायहरू अध्ययन क्षेत्र भित्रका सरोकारवालाहरूसंगको प्रत्यक्ष भेटघाट, अर्न्तवार्ता, प्रश्नावली र अवलोकनबाट प्राप्त गरियो ।

### ४.४.१ भौतिक व्यवस्था सम्बन्धी समस्या र समाधानका उपयाहरू

विद्यालयको भौतिक अवस्था सक्वन्धी श्री शिक्षा विकास मा.वि.केरौनका वि.व्य.स. अध्यक्षको भनाई निम्नानुसार रहेको छ :

*समस्या*

*विद्यालयको भौतिक अवस्थाको कारण बालबालिकाहरूलाई पठनपाठनमा असुविधा पुगेको मैले पनि महसुस गरेको छु । अहिले विद्यालयमा व्यवस्थित कक्षाकोठा, छुटै शौचालय, खेलमैदान, आदिको समस्या रहेको छ । अभिभावकहरू पनि विद्यालयमा सहयोग गर्न तत्पदर देखिदैनन् । गा.वि.स.ले पनि आश्वसन मात्र दिने गरेको कारण समयमा सोचेको काम गर्न सकिएन् ।*

*समाधान*

*विद्यालयको भौतिक अवस्था मजबुद बनाउनको लागि आम अभिभावकहरू सक्रिय हुनु नितान्त आवश्यक हुन्छ । जसबाट हामी गा.वि.स., जि.वि.स. तथा शिक्षा कार्यालयबाट आवश्यक स्रोत जुटाउन सम्भव छ । नपुग स्रोत हामी अभिभावहरूबाट पनि उपलब्ध गराएर भौतिक व्यवस्था सम्बन्धि समस्यालाई समाधान गर्न सकिन्छ ।*

विद्यालयको भौतिक पक्ष भन्नले भवन, कक्षाकोठा, पर्निचर, खेलमैदान, पिउने पानी, शौचालय आदि पर्दछन् । अध्ययन को क्रममा मारिया मन्टेश्वरीको अवधारण अनुसारको वाल गृह कुनै पनि विद्यालयमा भएको पाइएन । वालवालिकाहरूको लागि आकर्षक विद्यालय भवन तथा कक्षा कोठाको आवश्यकता पर्दछ सो को अवस्था न्यून रहेको पाइयो । त्यस्तै विद्यार्थीहरूका लागि उपयुक्त हुने वस्ने ठाउँ भएको पाइएन । स्व शिक्षा वा सिकाइका लागि कक्षा कोठामा भएको कालोपाटी व्यवस्थित भएको पाइएन । साना वालवालिकाहरूका लागि छुट्टै खेलमैदानको व्यवस्था हुनु पर्ने देखिन्छ । किनकि विद्यालयमा भएका अन्य ठूला

विद्यार्थीहरूसंग खेल्न सानानानीहरू सक्दैनन् । सामान्यतयाः पिउने पानीको अवस्था राम्रो नै रहेको पाइन्छ भने शौचालयको प्रयोगका लागि पर्याप्त नभएपनि भएके शैचालयमा पनि सरसफाइको अभाव देखिन्छ । जसले गर्दा वालवालिकाहरू शौचालय प्रयोग गर्न रुचाउदैनन् । उपरोक्त भौतिक व्यवस्था सम्बन्धी समस्याका कारण कक्षा -१का वालवालिकाहरूको सिकाइमा समस्या देखिन्छ ।

### ४.४.२ विद्यालयमा समायोजन सम्वन्धी समस्या र समाधानका उपायहरू

वालवालिकाहरू खास गरी तल्लो कक्षाहरूमा समायोजन हुन गाह्रो पर्दछ । यस सम्वन्धमा श्री उच्च मा.वि. होक्लावारीका कक्षा-१ का शिक्षकको धारणा निम्नानुसार पाइयो

*समस्या*

*विद्यालय सेवा क्षेत्रभित्र रहेको समाज विभिन्न जाति भाषा संस्कृति तथा वर्गका रहेकोले त्यसै किसिमका बालबालिकाहरू विद्यालयमा आउने गर्दछन् । त्यसमा केही बालबालिकाहरूले बाल शिक्षा पनि नलि आउने गरेको पाइन्छ । यसमा एक खाले वाल शिक्षा लिएका र अर्को खाले नलिएका तथा विभिन्न परिवेशका समेत भएकाले विद्यालयमा उनीहरूलाई समायोजन हुन समस्या छ ।*

*समाधान*

*विद्यालय सेवा क्षेत्रभित्रका सम्पूर्ण बालबालिकाहरूलाई बल कक्षा अनिवार्य बनाउनु पर्दछ । विद्यालयको वतावरण बालमैत्रि बनाई नियमित पठनपाठन गराउन सकेको खण्डमा तथा भेदभाव रहितको विद्यालय वातावरण भएमा र भाषाको पहिचान गरी सहजता प्रदान गर्न सकेको खण्डमा यो समस्या समाधान गर्न सकिन्छ ।*

कक्षा-१ का वालवालिकाहरू विभिन्न सामाजिक परिवेहबाट विद्यालयमा आएका हुन्छन् । वालवालिकाहरू विभिन्न जाति, भाष-भाषि, धर्म, पेशा, वर्ग समूहका भएकाले यिनीहरूलाई विद्यालयमा समायोजन हुन समस्या रहेको पाइयो । वाल शिक्षा लिएका वालवालिकाहरू नलिएका वालवालिकाहरू भन्दा वढी समायोजन भएको पाइन्छ । किनकि यिनीहरूको समायोजन वालकक्षामा नै भएको हुदाँ कक्षा -१मा सहज बन्न सकेको देखिन्छ ।

तर कक्षा-१मा सिधै आएका वालवालिकाहरूकालाई विद्यालयको वातावरण नयाँ हुने तथा यी वालवालिकाहरू विभिन्न समूहका भएका हुँदा समायोजनमा सहज देखिएन । यस अवस्था वाट उनीहरू सिकाइ प्रति विमुख हुने सम्भावना वढी देखिन्छ । यसलाई सहज बनाउन विद्यालय सेवा भित्र रहेका सम्पूर्ण बालबालिकाहरूलाई अनिवार्य बाल शिक्षा र विद्यालयलाई बालमैत्री बनाउनु आवश्यक हुन जान्छ ।

### ४.४.३ शिक्षण क्रियाकलाप सम्बन्धी समस्या र समाधानका उपायहरू

कक्षा अवलोकन पश्चात शिक्षण क्रियाकलाप सम्बन्धी समस्याका वारेमा प्रश्न गर्दा श्री दिपज्योती नि.मा.वि. डाँगीहाटका शिक्षकबाट निम्नानुसार जानकारी पाइयो ।

*समस्या*

*बालबालिकाहरू विद्यालया नियमित रुपमा आउदैनन । आज आउनेहरू भोलि केही आउदैनन । यसरी विद्यार्थीहरूको नियमितता नभएकोले उनीहरूको सिकाइ उपलब्धि पुरा गराउने विद्यार्थी केन्द्रित विधिबाट शिक्षण गर्दा समय बढी लाग्न गर्दछ । वास्तमा भन्ने हो भने आफू तालिम प्राप्त भएको र शिक्षकले शैक्षिक सामग्रीको माध्यमबाट शिक्षण गर्ने भनिएता पनि आफूले निर्माण गरेको शिक्षण सामग्री खासै प्रयोग भएको छैन तर शैक्षिक सामग्रीको प्रयोग हुँदै नभएको भने  होइन ।*

*समाधान*

*सर्वप्रथम विद्यार्थीको नियमितमा जोड दिनु पर्छ उनीहरू नियमित नहुनको कारण पत्ता लगाई सोको समधान गरी बालबालिकालाई नियमित गराउनु पर्छ । शिक्षकले पनि आफ्नो दायित्व पूर्ण रुपले पालन गर्नु पर्दछ । साना नानीहरूलाई सके सम्म ठोस बस्तुको प्रयोग गरी शिक्षण गर्नु पर्दछ।  शिक्षकले अनिवार्य रुपमा शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षण गर्दा शिक्षण प्रभावकारी हुन्छ ।*

फ्रेडरिक फ्रोवेल र मारिया मन्टेश्वरीको सिद्धान्त अनुसारको शिक्षण विधिको प्रयोग गर्नु पर्ने जसले गर्दा सिकाइलाई सहज पार्ने हुन जान्छ तर  सो अनुरूप भएको पाइएन । विद्यालयहरूमा शिक्षकले शिक्षण गर्दा त्यसमा पनि साना कक्षाहरूमा शिक्षण गर्दा विशेषत ठोस वस्तुको प्रयोग गर्नु आवश्यक रहन्छ । यी विद्यालयहरूमा शिक्षक केन्द्रित शिक्षण गरेको पाइयो । शैक्षिक सामग्रीहरूको प्रयोग ज्यादै न्यून अवस्थामा भएको पाइयो । वालवालिकाहरूलाई गुणस्तरिय शिक्षा प्रदान गर्न तथा प्रभावकारी सिकाइ उपलब्धि हासिल गर्न विभिन्न किसिमका शैक्षिक सामग्रीहरू जस्तै श्रव्य सामग्री, दृश्य सामग्री तथा श्रव्य दृश्य समाग्रीहरूको प्रयोग गर्नु आवश्यक पर्दछ । उक्त सामग्रीहरू मध्ये शिक्षणलाई प्रभावकारी वनाउन विषेशत श्रव्य दृश्य सामग्रीको प्रयोग गर्नु पर्नेमा आर्थिक अभावका कारण व्यवस्था गर्न कठिनाइ भएको जानकारी सम्वद्ध पक्षबाट पाइयो । तर शिक्षकहरूले सहज रूपमा प्राप्त गर्ने शैक्षिक सामग्रीको प्रयोग गरी विद्यार्थी केन्द्रित शिक्षण भएको पाइएन । जुन सिकाइमा देखिएको टड्कारो समस्या हो । त्यस्तै विभिन्न सामाजिक परिवेशवाट आएका वालवालिकाहरूलाई भाषगत समस्याका कारण पनि सिकाइमा समस्या देखिन्छ जुन शिक्षण क्रियाकलाप सम्वन्धी समस्या हो ।

### ४.४.४ अनुगमन तथा निरीक्षण सम्वन्धी समस्या र समाधानका उपायहरू

विद्यालय अनुगमन निरीक्षण सम्बन्धी जानकारी लिदा श्री महेन्द्र नि.मा.वि. वाहुनी बनौलका प्र.अ. वाट निम्न अवधारणा पाइयो ।

*समस्या*

*विद्यालयमा अनुगमन तथा निरीक्षण टड्कारो समस्याको रुपमा पाइन्छ । विद्यालयमा अभिभावको अनुगमन प्रायः शून्य नै भएको पाइन्छ । विभिन्न समितिमा रहेका अभिभावकहरूको पनि विद्यालयमा उपस्थिति कम रहेको छ । वि.नि. तथा स्रोतव्यक्तिको विद्यालयमा उपस्थिति ज्यादै न्यून रहेको छ । साच्चै भन्ने हो भने शिक्षकहरूले शिक्षण गरेको निरीक्षण म स्वयमबाट पनि भएको छैन । यी समस्याहरूमा हामी विद्यालयका सम्बन्ध सरोकारवाला पक्षहरू जिम्मेवार हुनै पर्दछ ।*

*समाधान*

*विद्यालय नियमित अनुगमन र निरीक्षण भएमा शैक्षिक स्तर उस्किनु स्वभाविक हो । अनुगमन तथा निरीक्षणको समस्यालाई समाधान गर्न*

*अभिभावक, वि.व्य.स., वि.नि., स्रोतव्यक्ति तथा प्र.अ. आदिले आ-आफ्नो कर्तव्य पूरा गरेमा यो समस्या समाधानको निधान हुन्छ ।*

विद्यालयमा स्थानीय अभिभावक, वि.व्य.स.का सदस्यहरू, शि.अ.संघका सदस्यहरू, प्रअ. स्रोत व्यक्ति तथा विद्यालय निरीक्षणवाट अनुगमन तथा निरीक्षण गर्ने गरिन्छ । निरन्तर निरीक्षणबाट शिक्षक स्वयममा पनि पृष्टपोषण प्राप्त भै शिक्षण प्रभावकारी वन्दछ । जसवाट वालवालिकाहरू प्रत्यक्ष रूपमा लाभान्वित हुने गर्दछन् । तथापि अनुसन्धानको लागि छनौटमा परेका विद्यालयहरूका अभिभावक, प्र.अ., वि.व्य.स.अध्यक्ष, स्रोतव्यक्ति, विद्यालय निरीक्षक आदि समक्ष अनुगमन तथा निरीक्षणका सन्दर्भमा प्रश्न राख्दा तथा विद्यालयमा शिक्षकहरूसँगका सम्वन्धमा प्रश्न गर्दा निरीक्षण वार्षिक रूपमा एक-दुई पटक हुने गरेका पाइयो । यसबाट यो प्रष्ट हुन्छ कि शैक्षिक स्तर वृद्धिका लागि सम्वद्ध पक्षको ध्यान नजानु विद्यार्थीहरूको सिकाइमा समस्या आउनु हो ।

### ४.४.५ सहयोगी कार्यकर्ता सम्वन्धी समस्या र समाधानका उपायहरू

स.का. सम्वन्धी समस्याको सम्वन्धमा श्री उच्च मा.वि.होक्लाावारीकी स.का.संग प्रश्न गर्दा निम्न जानकारी प्राप्त गरियो ।

*समस्या*

*सुरुमा त वेरोजगार भएका कारण यो पेशा अपनाइयो तर यहा आइसकेपछि ३-४ वर्षका अवोध वालवालिकाहरुलाई स्याहार गरी सिकाउनु पर्ने जटिलकार्य फेरी प्रा.वि. शिक्षक सरहको पारिश्रमिक पनि छैन । र अरु शिक्षक सरह समय विताउनु पर्ने अवस्था छ । अर्को तर्फ वाल कक्षा शिक्षण सम्वन्धी तालिम र सामग्री समेत प्रर्याप्त नभएको कारण सन्तुष्ट हुन सकिएको छैन् ।*

*समाधान*

*सर्वप्रथम त प्रा.वि. शिक्षक सरहको पारिश्रमीकको व्यवस्था गर्नु पर्दछ । यसपछि हामीलाई दरवन्दीको व्यवस्था गरी तालिम, शैक्षिक सामग्री तथा छुट्टै भवनको व्यवस्था गरी नियमित निरीक्षण र आवश्यक पृष्ठपोषण प्राप्त गर्न सके अहिलेको समस्या रहने थिएन ।*

वाल कक्षा वा वाल शिक्षाका लागि उक्त कक्षा सञ्चालन गर्न सहयोगी कार्यकर्ताको व्यवस्था गरिएको हुन्छ । स.का.बाट वालकक्षा सञ्चालन भएका हुन्छन् । स.का. वाट वालकक्षाका वालवालिकाहरूलाई जति राम्रोसंग पढाउने, खेलाउने, विभिन्न वानी व्यवहारको ज्ञान दिने गरिन्छ त्यति नै माथिल्ला कक्षामा वालवालिकाहरूले सिकाइ राम्रो गर्दछन् । यसका लागि स.का. आफ्नो काम प्रति सन्तुष्ट हुन सकेको अवस्था भने छैन । एकातिर अन्य शिक्षक सरह स.का.ले विद्यालयमा समय खर्चिनु पर्ने तर परिश्रमिक ज्यादै न्यून छ भने अर्को तिर पर्याप्त तालिम नहुनु र अनुगमन निरीक्षण समेत नहुदा स.का. स्वयं शिक्षण प्रति उदासीन रहन विवश भएको पाइन्छ । अर्को तिर स.का.हरूलाई अरु प्रा.वि.का शिक्षक सरहको दरबन्दि पारिश्रमिक तथा तालिमको व्यवस्था भएमा सन्तुष्ट हुने बताउछन् । यसरी स.का. शिक्षण प्रति उदासीन वन्दा वालवालिकाहरूको सिकाइमा नकारात्मक प्रभाव पार्नु स्वभाविक देखिन्छ ।

यसरी कक्षा १मा वाल शिक्षा लिई र नलिई आएका वालवालिकाहरूमा उपरोक्त विभिन्न किसिमका समस्याका कारण सिकाइमा समेत समस्या परेको छ । फ्रोवेल र मन्टेश्वरीको शैक्षिक अवधारणा अनुसार वालवालिकाहरूलाई शिक्षा प्रदान गर्न खेल, गीत र प्रयोगात्मक तरिकाले स्वतन्त्र वातावरणमा स्व-सिकाइ गर्न निश्चित तोकिएको शैक्षिक सामग्रीहरूमात्र पार्याप्त हुदैन । उनीहरूलाई आवश्यक अनुसार भौतिक, शैक्षिक र मानवीय सम्पूर्ण पक्षमा भरिपूर्ण वनाउनु पर्दछ । जसका कारण उनीहरूको विकास स्वतर्स्फूत रूपमा हुन्छ । तर विद्यालयहरूमा भौतिक, शैक्षिक, र मानवीय सम्पूर्ण पक्षमा समस्या देखिएको पाउदछौ । जसको कारण कक्षा-१ का वालवालिकाहरूमा वालशिक्षा लिएका भन्दा बालशिक्षा नलिएका वालवालिकाहरूले तुलानात्मक रूपमा उल्लेखनीय उपलब्धि हासिल गर्न सकेको देखिदैन ।

# परिच्छेद पाँचः प्राप्ति, निष्कर्ष र सुझावहरू

प्रारम्भिक वाल्यावस्था शिक्षा पाएका र नपाएका विद्यार्थीहरूको सिकाइ उपलब्धिको तुलानात्मक अध्ययन गर्ने क्रममा मोरङ जिल्ला वाहुनी स्रोतकेन्द्रका चारवटा विद्यालयको सुचना एवं तथ्याङ्कहरूको विश्लेषणबाट प्राप्ति र सुचनाको अधारमा निष्कर्ष निकाली सुझाव दिने प्रयास गरियो ।

## ५.१ प्राप्ति

अध्ययनको क्रममा प्राप्त भएका सुचना एवं तथ्याकहरूको विश्लेषणबाट भएको प्राप्तिलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

कक्षा १ का वालवालिकाहरूको विषयगत औसत उपलब्धि गणना गर्दा कक्षाको विषयगत औसत उपलब्धि बाल शिक्षा नलिई कक्षा-१ मा भर्ना भएका वालवालिकाहरूको भन्दा वाल शिक्षा लिइ कक्षा-१ मा भर्ना भएका वालवालिकाहरूको उच्च रहेको पाइयो । वालवालिकाको औसत उपस्थिति गणना गर्ने क्रममा ११ महिनाको औसत उपस्थिति गणनाबाट वाल शिक्षा लिएका वालवालिकाहरूको मासिक औसत उपस्थिति बाल शिक्षा नलिई आएका वालवालिकाहरूको भन्दा उच्च पाइयो । कक्षा-१ का वालवालिकाहरूको वानी-व्यवहार, सरसफाइ तथा अतिरिक्त क्रियाकलाप आदिको अवस्था वारेमा विभिन्न १३ विषयमा कक्षा अवलोकन गर्दा वालशिक्षा प्राप्त गरी कक्षा-१ मा भर्ना भएका वालवालिकाहरूको अवस्था बालशिक्षा नलिई कक्षा-१ मा भर्ना भएकाको अवस्थाभन्दा उच्च रहेको देखिन्छ ।

कक्षा-१ का वालवालिकाहरूको लागि व्यवस्थित कक्षाकोठा, फर्निचर, खेलमैदान, पिउने पानी, तथा शौचालयको व्यवस्था प्रायः राम्रो नपाइएको हुँदा उनीहरूको सिकाइमा समस्या भएको  पाइन्छ । वालवालिकाहरू विभिन्न जातजाति, भाषाभाषी, धर्म, वर्ग समुदायका भएको हुँदा उनीहरूलाई विद्यालयमा समायोजन हुन कठिनाइ भएको देखिन्छ जसले गर्दा सिकाइमा समस्या भएको पाइन्छ । कक्षा-१ मा अध्यापन गर्ने सवै शिक्षक तालिम प्राप्त भएको तर शिक्षण शिक्षक केन्द्रित भएको र शैक्षिक सामग्रीको प्रयोग न्यून रहेको हुदाँ सिकाइमा समस्या भएको पाइन्छ । विद्यालयमा सम्वद्ध पक्षबाट अनुगमन तथा निरीक्षण ज्यादै न्यून हुने भएकोले शिक्षकलाई अवश्यक पृष्ठपोषणको अभावका कारण

वालवालिकाहरूको सिकाइमा समस्या रहेको देखिन्छ । सवै विद्यालयहरूमा वालकक्षा सञ्चालन रहेको, सहयोगी कार्यकर्ताको रूपमा महिला नै भएको, शिक्षा विकास मा.वि. केरौन वाहेकका विद्यालयहरूका वाल कक्षामा विद्यार्थी संख्या सामन्य रहेको, माथिल्लो कक्षाको जग बाल कक्षा भएता पनि अरु शिक्षक सरह समय स.का.ले दिनु पर्ने तर न्यून पारिश्रमिकका कारण स.का.को शिक्षण प्रतिको उदासीनता, पर्याप्त तालिमको अभाव तथा अनुगमन निरीक्षण र पृष्ठपोषण आदिको अभावले गर्दा वालवालिकाहरूको सिकाइमा समस्या भएको पाइयो । विद्यालयमा अभिभावकहरूको संलग्नता निस्क्रिय भएको हुँदा पनि वालवालिकाको सिकाइमा समस्या रहेको पाइयो ।

## ५.२ निष्कर्ष

प्रारम्भिक वाल्यावस्था शिक्षा पाएका र नपाएका वालवालिकाहरूको सिकाइ उपलब्धिको तुलानात्मक अध्ययनको कममा प्राप्त गरेका तथ्याङक, सुचना तथा जानकारीको आधारमा निष्कर्ष निकालिएको छ । वाल शिक्षाको अध्ययनले कक्षा-१ को सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पारेको पाइयो । वालवालिकाको विषयगत शैक्षिक उपलब्धि, उपस्थिति आदि पक्षमा पनि वाल शिक्षाले सहयोग पुऱ्याएको पाइयो । वाल शिक्षा लिएका वालवालिकाहरूको वानी व्यवहार तथा अतिरिक्त क्रियाकलापमा सहभागिता वढी भएको पाइयो । विद्यालयको कक्षाकोठा तथा फर्निचरको व्यवस्था अनुकुल भएको पाइएन । तालिम प्राप्त शिक्षक भएता पनि शिक्षणमा शैक्षिक सामग्रीको प्रयोग र विद्यार्थी केन्द्रित शिक्षण विधिको प्रयोग गरिएको पाइएन ।

कक्षा-१ का वालवालिकाहरू पनि साना नै हुने भएकाले तिनीहरू र वाल कक्षाका वालवालिकाहरूको लागि व्यवस्थित कक्षाकोठा, फर्निचर, शौचालय, खेलमैदान , खाजा आदिको व्यवस्था अपुग भएको पइयो । न्यून पारिश्रमिक, तालिम, अनुगमन तथा पृष्ठपोषण आदिको अभावका कारण सहयोगी कार्यकता आफ्नो कामप्रति उदासिन भएको पाइयो । विद्यालयमा सरोकारवाला पक्षहरू र शिक्षक, विद्यार्थी विच समन्वयको आवश्यता देखियो । सरोकारवाला पक्षहरूवाट विद्यालयमा अनुगमन, निरीक्षण आदि ज्यादै न्यून रूपमा हुने गरेका पाइयो ।

## ५.३ सुझावहरू

शिक्षा वालकको नैर्सिगक अधिकार हो त्यसैले उनीहरूको शारीरिक, मानसिक सामजिक संवेगात्मक विकासका लागि गुणस्तरीय शिक्षाको आवश्यक पर्दछ । वालवालिकाहरू काँचो माटो भएकोले तिनीहरूलाई सम्वद्ध पक्षले जस्तो वनाउन चायो त्यस्तै वन्दछन् । उनीहरू भविष्यका राष्ट्रका कर्णधार भएकाले गुणस्तरीय शिक्षा प्रदान गर्नु सान्दर्भिक हुन्छ । यो अध्ययनवाट प्राप्तिगरिएका विषयवस्तुका आधारमा निष्कर्ष निकाली विभिन्न तहमा सुझावहरू प्रस्ताव गरिएको छ । जसवाट सरोकारवाला पक्षहरू लाभान्वित भै आगामी दिनहरूमा यस तर्फ चनाखो बन्नेमा विश्वास गरीएको छ । अतः अध्ययनको कममा निम्नासारको सुझावहरू पेस गरिएको छ :

### ५.३.१ नीतिगत तह

अध्ययनको क्रममा केही समस्याहरू नीतिगतमा पनि भएको देखिन्छ यो समस्यालाई समाधान गर्न उपयुक्त कानुन निर्माण गरी शिक्षा ऐनमा समेत व्यवस्था गर्नु पर्दछ शिक्षकको जग आधारभूत तह भएकोले बालशिक्षालाई निजी शैक्षिक संस्थाहरूमा अध्यापन गर्ने नर्सरी तह सरह व्यवस्थित गरी अनिवार्य गरिनु पर्दछ । यस कार्यका लागि जनचेतना अभिवृद्धि गरिनु पर्दछ । बालकक्षामा अध्यापन गर्ने स.का. को योग्यता, परिश्रमिक र तालिम प्रभावकारी बन्नु आवश्यक देखिन्छ । यसका साथै सम्बद्ध पक्षबाट नियमित अनुगमन गरी आवश्यक पृष्ठपोषण दिनु उपयुक्त हुन जान्छ ।

### ५.३.२ अभ्यास तह

बाल कक्षा र कक्षा १ सञ्चालन भएका विद्यालयहरूमा पनि यी कक्षाहरू सञ्चालनमा केही समस्याहरू रहेको पाइयो । विद्यालयमा भौतिक व्यवस्थालाई सुव्यवस्थित बनाई कक्षालाई बालमत्री बनाउनु आवश्यक रहेको देखिन्छ । शिक्षण गर्दा शैक्षिक सामग्रीको प्रयोग गरी वालकेन्द्रित शिक्षण गर्नु पर्ने देखिन्छ । बालबालिकाहरूलाई नियमित बनाउन शिक्षक, अभिभावक र विद्यार्थीहरू बसी योजना बनाउनु आवश्यक देखिन्छ ।

### ५.३.३ अनुसन्धान तह

बाल्यावस्था शिक्षा पाएका र नपाएका विद्यार्थीहरूको सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन यसमा देखिएका समस्या समाधान गर्न अनुसन्धान कार्य सिद्ध हुने देखिन्छ। तथापी यस अध्ययनले अनुसन्धान कार्य पूर्ण भने हुन सक्दैन यस अनुसन्धानको अध्ययन अन्य धेरै पक्षहरूबाट गर्नु पर्ने देखिन्छ। यस समस्यासँग सम्बन्धित रहेका अन्य धेरै विषयवस्तुहरू पनि हुन्छन् जसमा केही विषयवस्तुहरूमा अनुसन्धान पनि भएको हुन सक्छ। यस अध्ययनमा प्राप्त भएका केही समस्या तथा विषयवस्तुका आधारमा वाल्यावस्था शिक्षा लिएका र नलिएका बालबालिकाहरूको पारिवारीक अवस्था (आर्थिक, सामाजिक, धार्मिक, भाषिक, जातिय, राजनीतिक) को विश्लेषण र वाल्यवस्था शिक्षा लिएका र नलिएका बालबालिका बीच प्रभाव पार्ने पक्षहरूको अध्ययन विषय नयाँ शोधकर्ताका लागि अनुसन्धानको आवश्यक विषयवस्तु बन्न सक्ने देखिन्छ।

# सन्दर्भ सूची


आचार्य, मोतीप्रसाद (२०६६), बाल विकास केन्द्रले शिक्षण सिकाइमा पारेको प्रभाव, अप्रकाशित शोधपत्र, एम.एड् दोस्रो वर्ष, सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुरःमोरङ ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रनाथ (२०६२), *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,* काठमाडौः विद्यार्थी पुस्तक भण्डार ।

खत्री, केशुराम (२०६७), *वालविकास कार्यक्रमको प्रभावकारीता,* अप्रकाशित शोधपत्र, एम.एड् दोस्रो वर्ष, सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुरःमोरङ ।

खनाल, भगवान (२०६१), *इसिडी केन्द्र र समुदाय बीचको सम्बन्धले वालबालिकाहरूको सिकाइमा पार्ने प्रभावको एक अध्यायन,* अप्रकाशित शोधपत्र, एम.एड् दोस्रो वर्ष, महेन्द्र रत्न क्याम्पस ताहचल ।

गौतम, नवराज (२०६३), *प्रारम्भिक वालशिक्षा कार्यक्रमले सिकाइमा पारेको प्रभाव एक अध्ययन,* अप्रकाशित शोधपत्र, ताहचलः महेन्द्र रत्न क्याम्पस ।

दाहाल, सालिकराम(२०६८), *वालबालिकाको सामजिकीकरणमा प्रारम्भिक वालविकास केन्द्रको प्रभाव,* अप्रकाशित शोधपत्र, एम.एड् दोस्रो वर्ष, सुकुना वहुमुखी क्याम्पस मोरङः।

पौड्ेल, तेजस्वी (२०६६), *प्रारम्भिक वालविकास कार्यक्रमको प्रभावकारीता,* अप्रकाशित शोधपत्र, एम.एड् दोस्रो वर्ष, सुकुना बहमुखी क्याम्पस, मोरङः।

राष्ट्रिय जनगणना(२०६८), *केन्द्रिय तथ्याङ्क विभाग,* काठमाडौंः रा.यो.आ.को सचिवालय

रेग्मी, मुरारीप्रसाद र श्रेष्ठ रीता (२०६३), *कक्षा कोठाहरूमा मनोविज्ञान कीर्तिपुर काठमाडौंः,* न्यू हिरा बुक्स इन्टर प्राइजेज ।

शर्मा चिरञ्जिवी र शर्मा, निर्मला (२०६४), *शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार,* काठमाडौंः राज अप्सेड प्रेस ।

शर्मा चिरञ्जिवी र शर्मा, निर्मला (२०६५), *प्रारम्भिक वाल्यवस्था विकासको सिद्धान्त,*काठमाडौंः एम के पब्लिस एक डिस्ट्रीव्यूटर्स ।

शिक्षा ऐन (२०२८) र शिक्षा नियमावली (२०५९) तेस्रो संसोधन (२०६३), काठमाडौ प्रकाशन ।

शिक्षा विभाग (२०६१) प्रारम्भिक वाल विकास सम्बन्धि रणनीति पत्र २०६१, काठमाडौः लेखक ।

शिक्षा विभाग (२०६१), *प्रारम्भिक वाल विकास सम्बन्धि निर्देशिका २०६१,* काठमाडौः लेखक।

शिक्षा मन्त्रलाय (२०५९), *दशौ पञ्च वर्षिय योजना मस्यौदा,* काठमाडौः लेखक ।

सेरिड (२०४९), *पूर्ववाल्यवस्थाको विकास, मासिक पत्रिका, अङ्क ३,* काठमाडौँः लेखक ।

त्रिवर्षीय अन्तरिम योजना (२०६४/०६५, २०६५/०६६, २०६६/०६७) काठमाडौः अर्थमन्त्रालय ।

अनुसुची-१

# प्रारम्भिक वाल्यावस्था शिक्षा पाएका र नपाएका विद्यार्थीहरूको सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन

## बालविकास केन्द्रबाट आएका बालवालिकाहरूका लागि अवलोकन फारम

विद्यालयको नाम :                    विद्यार्थीको नाम :

| क.स. | विवरण | अवस्था | | |
|---|---|---|---|---|
| | | उत्तम | मध्यम | सामान्य |
| १ | सरसफाइ | | | |
| २ | पढाइमा रुचि | | | |
| ३ | कक्षा कार्य | | | |
| ४ | गृहकार्य | | | |
| ५ | अनुशासन | | | |
| ६ | शिक्षकसंगको सम्वन्ध | | | |
| ७ | साथीसँगको सम्बन्ध | | | |
| ८ | अतिरिक्त क्रियाकलाप | | | |
| ९ | शौचालयको प्रयोग | | | |
| १० | विद्यालयमा समायोजन | | | |
| ११ | सिकाइमा सहजता | | | |
| १२ | विषयगत उत्सुकता | | | |
| १३ | सामानको जतन | | | |

अनुसुची -२

# प्रारम्भिक वाल्यावस्था शिक्षा पाएका र नपाएका विद्यार्थीहरूको सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन

## बालशिक्षा नलिई कक्षा एकमा आएका बालवालिकाहरूका लागि अवलोकन फारम

विद्यालयको नाम :                                        विद्यार्थीको नाम :

| क.स. | विवरण | अवस्था | | |
|---|---|---|---|---|
| | | उत्तम | मध्यम | सामान्य |
| १ | सरसफाइ | | | |
| २ | पढाइमा रुचि | | | |
| ३ | कक्षा कार्य | | | |
| ४ | गृहकार्य | | | |
| ५ | अनुशासन | | | |
| ६ | शिक्षकसंगको सम्वन्ध | | | |
| ७ | साथीसँगको सम्बन्ध | | | |
| ८ | अतिरिक्त क्रियाकलाप | | | |
| ९ | शौचालयको प्रयोग | | | |
| १० | विद्यालयमा समायोजन | | | |
| ११ | सिकाइमा सहजता | | | |
| १२ | विषयगत उत्सुकता | | | |
| १३ | सामानको जतन | | | |

अनुसुची -३

# प्रारम्भिक वाल्यावस्था शिक्षा पाएका र नपाएका विद्यार्थीहरूको सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन

## सहयोगी कार्यकर्ताको लागि तयार पारिएको प्रश्नावली

केन्द्रको नाम : सहयोगी कार्यकर्ताको नाम :

योग्यता :

१. बालविकास कार्यक्रम कस्तो कार्यक्रम हो ?

२. तपाईको वालविकास केन्द्र कहिले देखि सुरुवात भएको हो ?

३. तपाई यस वालविकास केन्द्रमा कहिले देखि कार्यरत हुनुहुन्छ ?

४. यहाँ कुन-कुन अवस्थाका बालवालिकाहरु सहभागि हुने गरेका छन् ?

उमेर

जातनाति :

आर्थिक अवस्था :

भौगोलिक अवस्था :

५. हाल यस वालविकास केन्द्रमा कति वालवालिकाहरु अध्ययनरत छन् ?

६. बालवालिकाहरुको दैनिक उपस्थिति दर कति प्रतिशत छ ?

७. वालविकास केन्द्र कति समय सञ्चालन गर्नु हुन्छ ?

८. बालवालिकाहरु बालविकास केन्द्रमा को को सँग आउने गर्दछन् ?

आमा/वावु एक्लै साथीसँग दिदी/दाजु

कोसँग सवभन्दा बढी ? ......................

९. तपाईको बालविकास केन्द्रमा भएको सशैक्षिक सामग्रीको उपलब्धता

| क.स. | सामग्री | छ | छैन | अवस्था |
|---|---|---|---|---|
| १ | पाठ्यकम | | | |
| २ | निर्देशिका | | | |
| ३ | सहयोगी पुस्तिका | | | |
| ४ | खेल सामग्री | | | |
| ५ | कालोपाटी | | | |
| ६ | कथा/कविता पुस्तक | | | |
| ७ | चित्रहरू | | | |
| ८ | श्रव्य-दृश्य सामग्री | | | |
| ९ | कलर पेन्सिल | | | |
| १० | विभिन्न शैक्षिक चार्ट | | | |
| ११ | अन्य | | | |

१०. वालविकास केन्द्रमा भएको भौतिक सामग्रीको उपलब्धता

| क.स. | विवरण | छ | छैन | अवस्था |
|---|---|---|---|---|
| १ | कक्षाकोठा | | | |
| २ | खानेपानी | | | |
| ३ | शौचालय | | | |
| ४ | खेलमैदान | | | |
| ५ | डेक्स, वेन्च | | | |
| ६ | गुन्द्री,पिरा, कार्पेट | | | |
| ७ | अन्य | | | |

११. बालविकास केन्द्रलाई को को बाट सहयोग मिलेको छ ?

| क.स. | विवरण | छ | छैन | अवस्था |
|---|---|---|---|---|
| १ | जिल्ला शिक्षा कार्यलय | | | |
| २ | सम्वन्धित विद्यालय | | | |
| ३ | गा.वि.स. ⁄ न.पा. | | | |
| ४ | सरकारी संघ सस्था | | | |
| ५ | गैर सरकारी संघ संस्था | | | |
| ६ | अन्य | | | |

१२. अध्ययन समयलाई अतिरिक्त क्रियाकलापको लागि विभाजन गर्नु भएको छ⁄छैन ?

छ भने कति समय ..................

छैन भने कति समय .............

१३. बालविकास सम्वन्धी कुनकुन तालिम कति पटक लिनु भएको छ ?

१४. बालविकास केन्द्रबाट कति प्रतिशत बालवालिकाहरु उतिर्ण कुन्छन् ?

१५. बालविकास केन्द्रप्रति अभिभावकको धारण कस्तो पाउनु भएको छ ?

१६. वर्तमान अवस्थामा बालविकास केन्द्रमा के कस्ता समस्यहरु रहेका छन् ?

१७. वालविकास केन्द्रलाई अझ विकास गर्न तपाइको सुझावहरु के के छन् ?

१८.तपाई आफ्नो पेशाप्रति सन्तुष्ट हुनुहुन्छ ?

१९. बालविकास केन्द्रमा काम गर्दा तपाईका समस्याहरु के के छन् ?

अनुसुची - ४

# प्रारम्भिक वाल्यावस्था शिक्षा पाएका र नपाएका विद्यार्थीहरूको सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन

## बालविकास केन्द्रको अवलोकन फारम

बालविकास केन्द्रको नामः- ठेगना :-

| क.स. | विवरण | अवस्था | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | उच्च | मध्यम | सामान्य | न्युन | |
| १. भौतिक पक्ष | भवन | | | | | |
| | खानेपानी | | | | | |
| | शौचालय | | | | | |
| | खेलमैदान | | | | | |
| | वातावरण सरसफाई | | | | | |
| | गुन्द्री,पिरा, कार्पेट | | | | | |
| | खाजाको व्यवस्था | | | | | |
| २. शैक्षिक पक्ष | शिक्षण विधि | | | | | |
| | बालकको हेरविचार | | | | | |
| | खेलविधिको प्रयोग | | | | | |
| | पुरस्कारको व्यवस्था | | | | | |
| | मनोरञ्जन | | | | | |
| | बालगीत, बालकथा | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | चित्र, चार्टको प्रयोग | | | | | |
| | कलर पेन्सील | | | | | |
| ३. आर्थिक पक्ष | चन्दा | | | | | |
| | अनुदान | | | | | |
| | विद्यालयको आम्दानी | | | | | |
| | शुल्क | | | | | |
| | अन्य | | | | | |

अनुसुची - ५

# प्रारम्भिक वाल्यावस्था शिक्षा पाएका र नपाएका विद्यार्थीहरूको सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन

## बालविकास अध्ययन पश्चात कक्षा १ का वालवालिकाको अभिभावकको लागि प्रश्नावली

केन्द्रको नाम/विद्यालयको नामः ...................... अभिभावकको नामः ................

१. तपाइको वालवालिकाले कति समय वालविकास केन्द्रमा अध्ययन गरे ?

क) १ वर्ष ख) छ महिना ग) २ वर्ष घ) ४ महिना

२. वालविकास केन्द्रको केन्द्रको कारण वालवालिकाहरूमा कस्तो परिर्वतन पाउनु भएको छ ?

३. तपाईको बालक विद्यालय जान उत्सुक छ/छैन ?

४. के वालविकास केन्द्रमा पठाए पश्चात विद्यर्थी घरमा अध्ययन गर्छ ?

५. वालवालिकाको विद्यालयप्रतिको धारण सकारात्मक पाउनु भएको छ/छैन ?

६. वालवालिका दैनिक विद्यलय जान इच्छुक छ/छैन ?

७. वालवालिकाहरुमा बालविकास केन्द्रमा अध्ययन गरे पश्चात देखिएका परिवर्तनहरुः-

गृहकार्य गर्छ/गर्दैन

व्यवहारमा परिर्वतन भएको छ/छैन

घरमा अध्ययन गर्छ/गर्दैन

समयमा विद्यालय जान्छ/जादैन

वालवालिकाहरु अनुशासित छन्/छैनन्

वालवालिकाहरु दैनिक विद्यालय जान्छन्/जादैनन्

८.वालविकास केन्द्रबाट कक्षा-१मा आएका वालवालिकाहरूमा के कस्ता समस्याहरु देख्नु भएको छ ?

९. कक्षा-१का वालवालिकाहरुको सिकाइमा देखिएका समस्याहरूको समाधानका उपायहरू के हुन सक्छन् ?

१०. वर्तमान अवस्थामा वालविकास केन्द्रको आवश्यकता छ/छैन् ?

अनुसुची-६

# प्रारम्भिक वाल्यावस्था शिक्षा पाएका र नपाएका विद्यार्थीहरूको सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन

कक्षा १ को शिक्षकको लागि तयार पारीएको प्रश्नावली

शिक्षकको नाम : ................................... विद्यालयको नाम :................................

१. वालविकास केन्द्रबाट कति प्रतिशत बालबालिकाहरू कक्षा एकमा आएका छन् ?

२. बालविकास केन्द्रको कारणले कक्षा एकको भर्ना वृद्धि भएको छ/छैन ?

छ भने कति प्रतिशतले......................

३. बालविकास केन्द्रबाट आएका बालवालिकाहरुको दैनिक उपस्थिती मासिक कति प्रतिशत रहेको छ ?

४. बालविकास केन्द्रबाट आएका बालबालिकाहरूको सिकाइ उपलब्धी कस्तो छ ?

५. सिधै कक्षा एकमा भर्ना भएका बालवालिकाहरुको सिकाइ उपलब्धी कस्तो छ ?

६. बालवालिकाहरुमा कस्को सिकाइ उपलब्धी राम्रो छ ?

७. बालविकास केन्द्रको कारणले कक्षा एकको सिकाई उपलब्धी दरमा वृद्धि भएको छ/छैन? छ भने कति प्रतिशतले......................

८. वर्तमान अवस्थामा कक्षा-१मा सिकाइमा के-कस्ता समस्याहरु देख्नु भएको छ ?

९. कक्षा एकमा सिकाइमा देखिएका समस्याहरुको सामाधानका उपयहरु के हुन सक्छन् ?

अनुसुची-७

# प्रारम्भिक वाल्यावस्था शिक्षा पाएका र नपाएका विद्यार्थीहरूको सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन

## वालविकास केन्द्र/विद्यालय व्यवस्थापन समितिका अध्यक्षको लागि अन्तवार्ता निर्देशिका

विद्यालयको नामः......................................अध्यक्षको नाम :................................

१. तपाईको विद्यालयमा कहिले देखि बालविकास केन्द्र सञ्चालन भएको हो ?

२. विद्यालयको निम्नानुसारको भौतिक पक्षको अवस्था कस्तो छ ?

| भौतिक पक्ष | सहयोगी संस्था | छ | छैन | अवस्था |
|---|---|---|---|---|
| भवन<br>फर्निचर<br>खेलमैदान<br>शौचालय<br>अन्य | | | | |

३. कक्षा संचालन सम्वन्धी निरीक्षण कहिले कहिले गर्नु हुन्छ ?

दैनिक साप्ताहिक मासिक अर्धवार्षिक

४. निरीक्षण नियमित नहुनुको कारणहरू के के हुन ?

५. बालविकास केन्द्रलाई विद्यालयले के के सहयोग गरेको छ ?

६. बालविकास केन्द्रमा अभिभावकहरूलाई सहभागी गराउनु भएको छ/छैन् ?

७. तपाईको विद्यालयमा वालविकास केन्द्र संचालन भए पश्चात कक्षा एकको विद्यार्थी भर्नामा वृद्धि भएको छ/छैन ?

८. वालविकास केन्द्रको कारणले कक्षा एकको शैक्षिक उपलन्धीमा वृद्धि भएको छ/छैन ?

९.वर्तमान अवस्थामा कक्षा एकको सिकाइमा के कस्ता समस्याहरू देखिएको छ ?

१०. कक्षा एकको सिकाइमा देखिएका समस्या सामाधानका उपायहरु के के हुनसक्छन् ?

अनुसुची-८

# प्रारम्भिक वाल्यावस्था शिक्षा पाएका र नपाएका विद्यार्थीहरूको सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन

## वालविकास केन्द्रमा सञ्चालन भएको विद्यालयका प्रध्यानाध्यापकको लागि अन्तवार्ता निर्देशिका

विद्यालयको नामः.................................प्रध्यानाध्यापकको नाम :............................

ठेगना :

१. तपाईको विद्यालयमा कहिले देखि बालविकास केन्द्र सञ्चालन भएको हो ?

२. वालविकास केन्द्र स्थापना हुनुको कारणहरू के के हुन ?

३. हालविकास केन्द्रमा कति विद्यार्थी अध्ययनरत छन् ?

४. बालविकास केन्द्रमा बालवालिकाहरु कति प्रतिशत उपस्थित छन् ?

५. बालकक्षा सम्बन्धि निरीक्षण कहिले कहिले हुन्छ ?

६. बालविकास केन्द्रबाट कति प्रतिशत बालवालिकाहरू कक्षा एकमा आएका छन् ?

७. वालविकास केन्द्रको कारणले कक्षा एकको भर्नामा फरक परेको छ/छैन ?

८. वालविकास केन्द्रको कारणले कक्षा एकको शैक्षिक उपलन्धीमा फरक परेको छ/छैन ?

९.बालविकास केन्द्रबाट कक्षा एकमा आएका विद्यार्थीहरूलाई कक्षा एकको वातावरणमा सहजता मिलेको छ/छैन ?

छ भने कस्तो ?..........................

१०. वर्तमान अवस्थामा कक्षा एकको सिकाइमा के कस्ता समस्याहरू रहेका छन् ?

११. सिकाइमा देखिएका समस्या सामाधान कालागि के के गर्नु पर्दछ ?

अनुसुची-९

# प्रारम्भिक वाल्यावस्था शिक्षा पाएका र नपाएका विद्यार्थीहरूको सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन

## स्रोतव्यक्ति/विद्यालय निरीक्षकको लागि प्रश्नावली

स्रोत व्यक्ति/वि.नि.को नाम : ......................स्रोत केन्द्र/विद्यालयको नाम :................

१. नेपालका बालविकास कार्यक्रम कहिले लागु भएको हो ?

२. तापईको क्षेत्रमा/स्रोतकेन्द्रमा कहिलेदेखि वालविकास केन्द्र संचालन भएको हो ? काति सङ्ख्यामा छन् ?

३. हाल यस क्षेत्रमा/स्रोत केन्द्रमा कति वालवालिकाहरु बालविकास केन्द्रमा अध्ययनरत छन्?

४. बालविबास केन्द्रको स्थापनको मुख्य कारण के के हुन ?

५. बालविकास केन्द्र खोल्ले न्युनतम आधार के  के हुन ?

६. बालविकास केन्द्रको कारण कक्षा एकको विद्यनर्थी भर्नामा फरक परेको छ/छैन् ?

७. बालशिक्षा लिएका र नलिएका बालबालिकाहरूमा के फरक पाउनु भएको छ ?

८. बालविकास केन्द्रको निरीक्षण र मुल्याङ्कन कति समयमा गर्नुहुन्छ ?

९. हाल कक्षा एकको सिकाइमा के कस्ता समस्याहरु देख्नु भएको छ ।

१०. कक्षा एक को सिकाइमा देखिएका समस्याहरु समाधानका उपायहरु केके हुन सक्छन् ?